नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9808835198

9807170995

9803474311

9854028218

खुशहाल किसान, समृद्ध नेपाल

यहि हो "त्रिशक्ति"को कमाल

त्रिशक्ति ट्रेक्टर



● वर्ष १ ● अंक २५४ ● २०८० साल साउन ०९ गते मंगलबार ● Tuesday 25, July 2023 ● सूर्योदय: बिहान ५:२५ बजे ● सूर्यास्त: साँझ ६:५८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


## मुख्यमन्त्री भेटेर पानीबारे ध्यानाकर्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजसहित पर्सामा केही दिन यता देखिएको पानीको समस्या समाधानका लागि पर्साका राजनीतिक दलहरूले मधेश प्रदेश सरकारसँग माग गरेका छन् ।

सोमबार जनकपुरमा मुख्यमन्त्री सरोजकुमार यादवलाई भेटेर पर्साका राजनीतिक दलका प्रमुखहरूले पानीको समस्या समाधानका लागि माग गर्दै ज्ञापन पत्र बुझाएका छन् ।

मुख्यमन्त्री यादवलाई बुझाइएको ज्ञापन पत्रमा पर्साका राजनीतिक दलहरूले केही दिन यता वीरगंज महानगरसहित पर्सा जिल्लाभरि नै चापाकल सुकेर खानेपानीको चरम अभाव भएकाले समस्या समाधानका लागि मधेश सरकारमातहतका निकायमार्फत पहल गरिदिन माग गरेका छन् ।

यस्तै, पर्साका राजनीतिक दलहरूले बाराको सिमरास्थित परीक्षा केन्द्रमा परीक्षा दिएर फर्कने क्रममा सवारी दुर्घटनामा परी ज्यान गुमाएका ठाकुरराम बहुमुखी क्याम्पसका विद्यार्थी विजय शर्माको परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन पनि मुख्यमन्त्री यादवलाई ज्ञापन पत्र बुझाउँदै माग गरेका छन् ।

मधेश प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री सिंहासन साह कलवार, प्रदेशसभा सदस्य श्याम पटेल र जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफको पनि उपस्थिति थियो ।

सोमबार मुख्यमन्त्री यादवलाई ज्ञापन पत्र बुझाउने कार्यक्रममा नेपाली कांग्रेस पर्साका सभापति जनार्दन सिंह क्षेत्री, जनता समाजवादी पार्टी पर्साका अध्यक्ष रामनरेश प्रसाद यादव, नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य छाटेलाल यादव, नेकपा एकीकृत समाजवादी पर्साका अध्यक्ष बालगोपाल थापा, जनमत पार्टी पर्साका संयोजक ओमप्रकाश सर्राफ, नागरिक उन्मुक्ति पार्टी पर्साका अध्यक्ष निरञ्जन चौधरी, राप्रपा पर्साका उपाध्यक्ष शम्भु गिरी, जसपाका जिल्ला सचिव तबरेज अहमद लगायतको सहभागिता थियो ।

## गर्मीले दिनहुँ विद्यार्थी बेहोस




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्रिय माध्यमिक विद्यालय नगवामा अध्ययनरत विद्यार्थी दैनिक बेहोस हुन थालेपछि अभिभावक चिन्तित भएका छन ।

बिहान ११ बजे कक्षामा पठनपाठन भइरहेको बेला तीन विद्यार्थी बेहोस भएपछि स्थलगत निरीक्षणका लागि रेडियो वीरगंज तथा टिभी वीरगंजको टिम पुगेको थियो ।

विद्यालय पुग्दा विद्यार्थी आक्रोशित भएको र गर्मीका समयमा समेत कक्षामा क्षमता भन्दा बढी विद्यार्थी राखिएको तथा कक्षामा राखिएका पंखासमेत बिग्रिसकेको अवस्थामा रहेको पाइएको थियो । यस्तै, मर्मत अभावमा हावा दिनै नसक्ने रहेको पाइएको थियो ।

यता, विद्यालयका प्रधानाध्यापक नन्दकिशोर रामले विद्यार्थीको चाप बढी भएको र कक्षा कोठाको क्षमता भन्दा बढी विद्यार्थी, टेबल कुर्सीको अभाव, पंखा अभावका कारण समस्या भएको बताए । उनले पटकपटक विद्युत् लाइन कट्दा साँघुरो कोठामा धेरै विद्यार्थी राखेर पढाउनु पर्ने बाध्यताका कारण गर्मीले विद्यार्थी बेहोस हुने गरेको जानकारी दिए ।

विद्यार्थीले वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहलाई आफूहरुले विद्यालयको अनुगमन गर्न आउने क्रममा पंखा र कक्षा कोठाको समस्या रहेको बताएको भए पनि कुनै सुधार नभएको भन्दै आक्रोश व्यक्त गरे ।

विगत एक साता यता विद्यार्थी बेहोस हुने क्रम सुरु भएको र यो अवधिमा डेढ दर्जन भन्दा बढी विद्यार्थी बेहोस भएको विद्यालय प्रशासनले जनाएको छ ।

महानगरपालिकाको मातहतमा रहेको नगवास्थित नेपाल राष्ट्रिय माविमा महानगरपालिकाले ध्यान नदिएको भन्दै अभिभावकसमेत आक्रोशित भएका छन् ।

## आदर्शनगरमा खानेपानी मेसिन जडान




**मधेशदृष्टि**
**वीरगंज ।**
ग्रिनसिटी सामुदायिक सेवा केन्द्र तथा ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरले वीरगंज–१०, स्थित आदर्शनगर चोकमा जडान गरेको निःशुल्क खानेपानी मेसिन सोमबार उद्घाटन भएको छ । रुङ्टा वेलफेयर सोसाइटीको आर्थिक सहयोग र सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत केन्द्रको सहजीकरणमा आदर्शनगर चोकमा जडित निःशुल्क चिसो खानेपानी मेसिन, पानी ट्याङ्की, मिटर र मोटरको वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले उद्घाटन गरे ।

सोमबार मेयर सिंहले रिबन काटेर खानेपानी मेसिन उद्घाटन गरेको ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले बताए ।उद्घाटनमा मेयर सिंहले वीरगंजमा जारी पानीसम्बन्धी समस्याबाट जडित मेसिनले थोरै भए पनि राहत मिल्ने विश्वास व्यक्त गरे ।

'प्रतिकूल मौसम र भूजल साविकको सतहभन्दा तल झर्दा वीरगंजसहित तराई–मधेशका अधिकांस स्थानमा देखिएको खानेपानी समस्या समाधान गर्न हामी लागेका छौँ,' उनले भने, 'यसरी जडान गरिएको निःशुल्क खानेपानी मेसिनबाट थोरै भए पनि स्थानीयलाई राहत मिल्ने विश्वास छ ।' आगामी दिनमा वीरगंजका अन्य स्थानमा पनि यस्तै निःशुल्क खानेपानी मेसिन जडान गरिने उनले प्रतिबद्धता व्यक्त गरे ।मेयर सिंहले खानेपानीको समस्यासँग जुधिरहेका नगरवासीका लागि वीरगंज महानगरले ट्याङ्करबाट खानेपानी वितरणको गर्दै आएको बताउँदै भने, 'वीरगंज महानगरपालिकाले अत्यावश्यक स्थानहरूमा ट्याङ्की र धारा जडान गर्ने कार्यलाई तिब्रता दिएका छौँ । खानेपानी संस्थानको पाइपलाइन विस्तार भएको वडा नम्बर १ देखि १७ र १९ मा धारा जडान गर्नुका साथै पाइपलाइन नपुगेका स्थानमा ट्याङ्कीमार्फत अस्थायीरूपमा पिउने पानीको व्यवस्था मिलाउन सुरु गरिएको हो ।'

महानगरले आइतबार वडा नम्बर १ र १५ को सार्वजनिक स्थानमा १० हजार लिटरको ट्याङ्की राखेर पिउने पानीको प्रबन्ध मिलाएको उनले बताए । यस्तै, खानेपानी संस्थानको धारा सार्वजनिक स्थानहरूमा जडान गर्ने कार्य पनि सुरु भएको उनले जानकारी दिए ।

उनले भने, 'खानेपानी पाइपको लाइन भएका क्षेत्रमा सार्वजनिक चोक तथा बढी चाप भएका स्थानमा धारा जडान गर्नुका साथै पाइपलाइनले नछोएका वडा तथा स्थानमा भने ट्याङ्की नै राख्ने प्रबन्ध मिलाइएको छ ।' उनले केही दिनभित्रै ३२ वटै वडामा आफूहरूले धारा जडान गर्नुका साथै ट्याङ्की राखिसक्ने गरी काम गरिरहेको बताए ।केन्द्रका अध्यक्ष जयप्रकाश खेतानको सभापतित्वमा भएको कार्यक्रममा वडा प्रहरी बिर्ताका प्रहरी निरीक्षक विदुर प्रसाद शिवाकोटी, रूङ्टा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रूङ्टा, वीरगंज महानगरपालिका अन्तर्गतको सरसफाइ व्यवस्थापन शाखाका प्रमुख सर्फुदिन मियाँ, ग्रिनसिटी सामुदायिक केन्द्रका मुरली जलान, राकेश अग्रवाल, सुशील कादम्वीय, कैलाश बजारलगायतको उपस्थिति थियो ।







# विद्यालयमा ट्राफिक सचेतना



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मुर्लीमा रहेको रोयल एकेडेमी स्कुलमा ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक कार्यक्रम भएको छ ।
कार्यक्रममा कक्षा ८,९ र १० का विद्यार्थीलाई जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख मणिराम थापाले ट्राफिक नियमबारे सहजीकरण गरेका थिए ।
कार्यक्रममा विद्यालयकी सञ्चालिका सबनम श्रेष्ठ, सहप्राध्यापक सुमन श्रेष्ठ, जिल्ला ट्राफिक कार्यालयका प्रमुख प्रहरी निरीक्षक थापा, अभिभावक संघका अध्यक्ष सन्दीप साह, धिरेन्द्र तिवारी, रवीन्द्र गुप्ता, पत्रकार राजकुमार सर्राफलगायतको उपस्थिति थियो ।
अभिभावक संघ पर्साको आयोजना तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सा र स्वास्थ पत्रकार समूहको सहकार्यमा कार्यक्रम भएको हो ।

# चरेशसहित पासवान पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
लागूऔषध चरेससहित कालिकामाई गाउँपालिका–१ मुडलीका ४४ वर्षीय प्रेम पासवान पक्राउ परेका छन् ।
प्रहरीले उनको साथबाट ५ किलो ४ सय ग्राम चरेश बरामद भएको जनाएको छ ।
ना ३० प ४४४३ नम्बरको मोटरसाइकलमा नेपालबाट भारततर्फ जाँदै गरेको अवस्थामा प्रहरीले पासवानलाई पकाहाँमैनपुर गाउँपालिका–५, सबैठमा रोकेर चेकजाँच गर्दा उनको साथबाट चरेश भेटिएको हो । पासवानले शरीरको विभिन्न भागमा लुकाएर राखेको अवस्थामा चरेश फेला परेको सशस्त्र प्रहरीले जनाएको छ ।
उनलाई बरामद चरेश तथा मोटरसाइकलसहित आवश्यक कारबाहीका लागि स्थानीय प्रहरीमा बुझाइएको छ ।

# रोपाइँ ६० प्रतिशतमा सीमित



**मधेशदृष्टि**
**वीरगंज ।**
बारामा बर्खे धान ६० प्रतिशत मात्र रोपाइँ भएको छ ।
लामो समयसम्म पानी नपरेपछि यहाँका किसानले भूमिगत सिँचाइको माध्यमबाट रोपाइँ गरेका जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ ।
आकाशे पानी नपरेपछि किसानले भूमिगत सिँचाइको माध्यमबाट ६० प्रतिशत रोपाइँ गरेका केन्द्रका प्रमुख जितेन्द्र यादवले जानकारी दिए ।
उनका अनुसार यस वर्ष कृषकले बर्खे धान 'भदैया' १० हजार नौ सय पाँच हेक्टर, 'अगहनी' ३४ हजार एक सय १५ हेक्टर गरी कुल ४६ हजार २० हेक्टर क्षेत्रफलमा रोपाइँ गर्ने लक्ष्य लिएकामा हालसम्म तीन हजार सात सय ६१ हेक्टर क्षेत्रफलमा मात्र रोपाइँ भएको छ ।
जिल्लाको उत्तरी भागमा प्रायः रोपाइँ भइसकेको छ भने दक्षिण भेगमा रोपाइँ हुन बाँकी रहेको यादवले बताए । उनका अनुसार पानी नपरे पनि किसानले भूमिगत सिँचाइ गरेर रोपाइँ गरिरहेका छन् । अन्य भागमा पनि पानी नहुँदा रोपाइँमा समस्या भइरहेको केन्द्रले जनाएको छ । गतवर्ष किसानले बर्खे अगहनी धान ३४ हजार सय १५ र भदैया ११ हजार नौ सय पाँच हेक्टर क्षेत्रफलमा खेती गरिएको केन्द्रका बाली अधिकृत गेनालाल प्रसादले जानकारी दिए ।

# दाहाल सात देशमा नेपाल तीन देशमा



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले रोममा नेपाली जनप्रगतिशील मञ्च इटाली, बेल्जियम, स्पेन, क्रोएसिया, पोर्चुगल, अस्ट्रिया र आयरल्यान्डका प्रतिनिधिसँग भेट गरेका छन् ।
भेटमा नेपाल सरकारले गरेका कामले विदेशमा भएका नेपालीमा देश बन्ने भयो भन्ने आत्मविश्वास बढेको र त्यसको लागि प्रधानमन्त्रीलाई बधाई दिनुका साथै आफूहरू साथमा रहने प्रतिबद्धता प्रतिनिधिले जनाए । भेटमा प्रधानमन्त्रीले युरोपमा रहेका नेपालीको समस्या समाधान गर्न आफू लागिपर्ने र देशमा सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानमा सरकार अघि बढेको, ठूला भ्रष्टाचार र तस्करीलाई कारबाही गर्न सरकारले अठोट लिएकाले राष्ट्र निर्माणमा सबैको साथ आवश्यक रहेको बताए ।
बक्समा
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल त्रिदेशीय भ्रमणक्रममा आइतबार राति करिब १२ बजे इन्डोनेसिया प्रस्थान गरेका छन् । अन्तर्राष्ट्रिय कम्युनिष्ट पार्टीको बैठकमा सहभागी हुन आइतबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उनी त्यसतर्फ प्रस्थान गरेका हुन् । कम्युनिष्ट पार्टीको बैठकमा सहभागी मुलुकका नेताले आआफ्नो मुलुकमा कम्युनिष्ट सिद्धान्तको अवस्था, देश विकासमा त्यसको प्रभाव र योगदानबारे छलफल गर्ने छन् ।
बैठकमा सहभागी भएर अध्यक्ष नेपाल सिङ्गापुर र मलेसिया जाने कार्यक्रम छ ।
पाँचदिने भ्रमणमा उनले तीनवटै मुलुकका शीर्ष नेतासँग शिष्टाचार भेट तथा दुईदेशीय हितबारे छलफल गर्ने अध्यक्ष नेपालका स्वकीय सचिव मोहन गौतमले जानकारी दिए ।

# आएन पाँच स्थानीय तहको बजेट




***ऐनको दफा २१ मा नेपाल सरकारका अर्थमन्त्रीले प्रत्येक वर्ष संविधानबमोजिम आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सङ्घीय संसद्को दुवै सदनमा पेस गर्नुपर्ने उल्लेख छ।***

**मधेशदृष्टि**
**वीरगंज ।**
नयाँ आर्थिक वर्ष सुरु भएको एक साता बितिसक्दा पनि पर्साका ५ स्थानीय तहले अझै बजेट ल्याउन सकेका छैनन् ।
जिल्लामा रहेका १४ स्थानीय तहमध्ये ५ वटाले बजेट ल्याउन नसकेका हुन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकमा वीरगंज महानगरपालिकासहित पोखरिया नगरपालिका, बहुदरमाई नगरपालिका, जगरनाथपुर गाउँपालिका, पटेर्वासुगौली गाउँपालिका, ठोरी गाउँपालिका, पर्सागढी नगरपालिका, छिपहरमाई, कालिकामाई गाउँपालिकाले बजेट ल्याइसकेका छन् भने जिल्लाका अन्य ५ स्थानीय तहले भने हालसम्म पनि बजेट ल्याउन सकेका छैनन् ।
बजेट ल्याउन नसक्ने स्थानीय तहमा धोबिनी गाउँपालिका, पकाहामैनपुर गाउँपालिका, सखुवाप्रसौनी गाउँपालिका, जिराभवानी गाउँपालिका र विन्दवासिनी गाउँपालिका छन् ।
आर्थिक वर्ष सुरु भए पनि बजेट ल्याउन नसकेका स्थानीयमा बजेट शून्यताको अवस्था निम्तिएको छ । अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहले आगामी आर्थिक वर्षका लागि असार १० गतेभित्र गाउँ तथा नगरसभा सम्पन्न गरी बजेट ल्याइसक्नु पर्ने व्यवस्था छ ।
ऐनको दफा २१ मा नेपाल सरकारका अर्थमन्त्रीले प्रत्येक वर्ष संविधानबमोजिम आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सङ्घीय संसद्को दुवै सदनमा पेस गर्नुपर्ने उल्लेख छ । त्यसैगरी प्रदेशका अर्थमन्त्रीले असार १ गतेभित्र र गाउँ तथा नगर कार्यपालिकाले असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

# ललिता निवास प्रकरणमा थप दुई पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
बालुवाटारस्थित ललिता निवास जग्गा हिनामिना प्रकरणमा थप दुई जना पक्राउ परेका छन् ।
नक्कली मोही बनेर सरकारी जग्गा हडपेको आरोपमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले सोमबार सञ्जयकुमार महर्जन र सकुलानन्द महर्जनलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।
महर्जनद्वयलाई नक्कली मोही बनाएर रामकुमार सुवेदी, मीनबहादुर गुरुङ र शोभाकान्त ढकाल लगायतले सरकारी जग्गा हडपेको प्रहरीको भनाइ छ ।
सोही प्रकरणमा आइतबार नापी कार्यालयका पूर्वकर्मचारी अरुणकुमार श्रेष्ठ पक्राउ परेका थिए । सोमबार समातिएका २ जनासहित यस प्रकरणमा पक्राउ पर्नेको संख्या २१ पुगेको छ ।

# दुई सातामा डेङ्गीले तीन हजार बिरामी




मधेशदृष्टि
वीरगंज ।
पछिल्लो दुई हप्तामा डेङ्गीका झण्डै तीन हजार बिरामी थपिएका छन् ।
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले गएको असार २५ गते सार्वजनिक गरेको तथ्याङ्कअनुसार डेङ्गी सङ्क्रमितको संख्या एक हजारको हाराहारीमा थियो । अहिले यो संख्या बढेर चार हजार पुगेको छ ।
सुनसरीमा मात्रै दुई हजार पाँच सय बिरामी थपिएको महाशाखाले जनाएको छ ।
महाशाखाले सार्वजनिक गरेको तथ्याङ्कमा स्वास्थ्य संस्थामा आएका बिरामीको मात्र हो ।
स्वास्थ्य संस्था नआउने तथा सम्पर्कमा नआएका बिरामी अझै हुन सक्ने महाशाखाले जनाएको छ ।
धरानको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, विजयपुर अस्पताल लगायतका सुनसरीका स्वास्थ्य संस्थामा डेङ्गीका बिरामीको चाप छ ।
महाशाखाका अनुसार सुनसरीमा दुई हजार पाँच सय, धादिङमा २ सय ५८, दार्चुलामा १ सय ८८, कास्कीमा १ सय ४९, संखुवासभामा ५८, काठमाडौँमा ४६, कञ्चनपुरमा ३९, भक्तपुरमा ३५, म्याग्दीमा ३५ र झापामा ३२ जना सङ्क्रमित भएका छन् । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.रुद्र मरासिनीले डेङ्गी फैलिँदै गएकाले सावधानी अपनाउन आग्रह गरे ।

**सबुत प्रमाण बुझाउने बारे अत्यन्त जरूरी सूचना**

यस वीरगञ्ज महानगरपालिकाअन्तर्गत पर्ने वडा नम्बर १२ र १३ मेन रोड मुर्ली चौकदेखि पूर्वमा मुर्ली गाउँ हुँदै नेपाल आयल निगमको कार्यालय बाइपाससम्मको सडक खण्डको दायाँबायाँ निर्माण भएको घरहरुको यस वीरगञ्ज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट नक्सा स्वीकृत भए/नभएको सोको सबुत प्रमाण लिई सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको भवन निर्माण तथा इजाजत शाखा (नक्शा शाखा) मा आफूसँग भएको सबुत प्रमाण सहित उपस्थित हुन यो सूचना प्रकाशित गरिएको छ ।
अन्यथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कारबाही गरिने ब्यहोरा सम्बन्धित सबै घरधनीहरुलाई जानकारी गराइन्छ ।

**वीरगञ्ज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर-१०, वीरगञ्ज, पर्सा, मधेश प्रदेश

**वीरगंज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वीरगंज, पर्सा**
**मधेश प्रदेश, नेपाल**

**सूचना !** **सूचना !!** **सूचना !!!**

उपरोक्त सम्बन्धमा जिल्ला पर्सा वी.म.न.पा. वडा नं. ५ मा ४ इन्च निजी बोरीङ्ग जडान गरी पानी उपभोग गरीरहेका घर धनीले सर्वसाधारणको लागि आ-आफ्नो घरबाट पानीको अभाव भइरहेको संकटको बेला आफ्नो घर अगाडि एउटा धारा लाइन पानी उपभोग गर्न सहज हुने गरी सार्वजनिक स्थानमा खानेपानी धारा जडान गरी वडामा पानीको समस्या रहेका वडावासीहरुलाई सहयोग गरी दिनहुनु अनुरोध छ।

**प्रदिप कुमार चौरसिया**
वडा अध्यक्ष वडा नं. ५

# घरायसी विवादमा श्रीमतीको हत्या




**मधेशदृष्टि**
**राजविराज ।**
घरायसी विवादमा एकजनाले श्रीमतीको हत्या गरेको छ । प्रहरीले सप्तरी महदेवा गाउँपालिका २ अकबरपुर बस्ने ३५ वर्षीय रामरूप खड घरायसी विवादमा ३० वर्षीया पार्वती देवी खङको हत्या गरेको अभियोगमा पक्राउ गरेको छ ।

घरायसी वादविवादको कारण उनीहरूबीच झैँ–झगडा तथा कुटपिट हुँदा पार्वती गम्भीर घाइते भएकी भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय हनुमान नगरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । गम्भीर घाइते पार्वतीको छिन्नमस्ता अस्पताल राजविराजमा उपचारको क्रममा मृत्यु भएको हो । साथै उक्त झगडा छुट्याउने क्रममा गम्भीर घाइते भएकी रापरूपकी आमा ६१ वर्षीया समतोलिया खङको सोही अस्पतालमा उपचार भइरहेको छ ।

# शक्तिका आडमा फसाइएको आरोप



**मधेशदृष्टि**
**राजविराज ।**
प्रतिशोध साध्न झुठो कसुर लगाएर मुद्दा दर्ता गरेको एक युवाले आरोप लगाएका छन् । सप्तरीको तिरुहुत गाउँपालिका ४ डिमनका विश्वनाथ प्रसाद यादवले शक्तिको आडमा नगरेको कसुर लगाई अभद्र व्यवहारको मुद्दा प्रहरीमा दर्ता गरेको स्थानीय युवा ईन्द्रदेव यादवले आरोप लगाएका हुन् । घरमा पानी पसेको निहुँमा महिला महिला विच भएको झगडालाई लम्बाएर झुठो मुद्दा दर्ता गराएको ईन्द्रदेव यादवको आरोप छ । उनका अनुसार दुइ महिलाविचको झगडा छुटाउन जादा विश्वनाथको श्रीमतिको मुखमा चोट लागेको विषयलाई ठुलो बनाएर आफनो ७० वर्षिय पिता जोगीलाल यादवलाई दुइ हप्ता भन्दा बढि दिन देखी थुनामा राख्न लगाएको उनको आरोप छ ।असार २३ गते मेरो श्रीमति र छिमेकी महिला विच सामान्य झगडा भएको थियो, उनले भने, बुवाले झगडा छुट्याउनुका लागि त्याँ पुगे, दुबै जना कपाल (चुल्ठो) समातेर तानातान गरिरहँदा छुट्याउने बेलामा आफै लडेर मुखमा चोट लागेकी ललितालाई कुटपिट गरेको भन्दै झुठो आरोप लगाईएको छ ।उनले सामान्य चोटपटक लागेको व्यक्तिलाई अस्पताल भर्ना गरी २ लाख ५० हजार खर्च भएको भन्दै उक्त रकम तिर्न दवाव दिएको बताए । पैसा असुल्नकै लागि झुठो कसुरमा मुद्दा चलाएर दुख दिएको उनको भनाई छ । बुवा जोगीलाल यादव, काका भोगीलाल यादव, भाइ चन्दन यादव र आफुमाथि मुद्दा दर्ता गर्दा प्रहरीले समात्ने डरले घर छाडेर लुकेर बस्नु परेको उनले दुखेसो पोखे । कानुनी ज्ञान नहुँदा र आर्थिक अबस्था कमजोर भएकोले मुद्दा जोड्न सकिएन, उनले भने, गरिवको कुरा कसैले सुनिदिदैन, कतिखेर समातिने हो त्यसको डरले भोक निन्द्रा हराएको छ, लुकेर बस्न बाध्य भएको छौ । उनले आफुहरुमाथी अन्याय भएकोले सत्यतथ्य छानबिन गरि न्यायको लागि पहल गरिदिन आग्रह गरे । यता विश्वनाथ यादवले जोगीलालको नेतृत्वमा चारैजना मिलेर आफनो श्रीमतिलाई लाठीले प्रहार गरी गम्भीर चोट लगाएको आरोप लगाउछन् । उनका अनुसार श्रीमतिको उपचारमा २ लाख ५० हजार खर्च गर्दा समेत अझै ठिक भएको छैन ।

# सामुहिक बलात्कारको आरोपीमध्ये तीन पक्राउ



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीमा एक ३५ वर्षीया महिलालाई पाँच जनाले सामूहिक बलात्कार गरेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पछिल्लोपटक सप्तरीको शम्भुनाथ नगरपालिका वडा नम्बर ५ मोहनपुरकी एक महिलासँग पाँच जनाले सामूहिक बला त्कार गरेको प्रहरीले जनाएको छ । पूर्व पश्चिम राजमार्गदेखि ४०० मिटर दक्षिणतर्फ नर्सरीमा ती महिलासँग सामूहिक बलात्कार गरिएको भन्दै प्रहरीले उनीहरुलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा शम्भुनाथ नगरपालिका वडा न. ५ का २५ बर्षीय शिव कुमार सदा, ४० बर्षीय उमेश सदा, र ३२ बर्षीय श्रीनारायण सदा छन् । महिलासँग ५ जनाले जर्वजस्ती करणी गरेका थिए । घट्नामा संलग्न २५ बर्षीय फुल कुमार सदा र २३ बर्षीय शिव कुमार सदाको पनि संलग्नता रहेको र उनीहरुको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

घट्ना शनिबार राति १० बजेतिरको हो ।

पीडित र उनका अभिभावकले आईतबार बिहान प्रहरी चौकी कठौनालाई जानकारी गराएपछि घटनामा संलग्न ३ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी एवं प्रबक्ता नरेश कुमार सिंहले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेकाहरुलाई आवश्यक कानूनी कारवाही प्रकृया शुरु गरी इलाका प्रहरी कार्यालय कल्याणपुरको नियन्त्रणमा राखिएको छ ।

उनीहरु विरुद्ध 'जवरजस्ती करणी सम्वन्धी कसुर' मा सप्तरी जिल्ला अदालतबाट ५ दिनको म्याद थप गराई अन्य अनुसन्धान गरिरहको प्रहरीले जनाएको छ ।

यसअघि असारको अन्तिम साता सप्तरीको कंचनरुप नगरपालिका १२ मा १७ बर्षीया बालिकाको सामूहिक बलात्कार भएको थियो । बलात्कारमा संलग्न चार जनालाई प्रहरीले पक्राउ गरेर अनुसन्धान शुरु गरिसकेको छ ।

# शुल्क वृद्धि गर्दा तीनपांग्रे सवारी साधन व्यवसायी आन्दोलित



**मधेशदृष्टि**
**सप्तरी ।**
पार्किङ शुल्क वृद्धि गरेको बिरोधमा तीन पाङ्रे सवारी साधन व्यवसायीहरु आन्दोलीत भएका छन् ।आर्थिक बर्ष ०८०÷०८१ को लागि श्रावण १ गते देखि लागू हुने गरि सप्तरीको सप्तकोशी नगरपालिकाले पार्किङ शुल्क वृद्धि गरेको बिरोधमा तीन पाङ्ग्रे सवारी साधन व्यवसायीहरुले बिरोध जनाएका हुन् ।

गत आबमा २० रुपैया रहेको पार्किङ शुल्क एक्कासी ५० रुपैया बनाएको तथा चर्पी र उचित पार्किङको ब्यबस्था नगरेको हुनाले बिरोधमा उत्रिनु परेको सप्तकोसी अटो तथा इ–रिक्सा संघ फत्तेपुरका कार्यबाहक अध्यक्ष कृष्ण प्रसाद अधिकारिले बताए । हाल यस समूहमा ४० वटा तीन पाङ्ग्रे सवारी साधन आबद्ध रहेको जनाउदै अधिकारिले नगरपालिकाले ढाड सेक्रे तरिकाले ल्याएको शुल्क मान्य नहुने बताए। बिरोध कार्यक्रममा उपस्थित भएका अटो चालक केदार पराजुलीले दैनिक आम्दानीले गाडी पाल्नै गाह्रो छ त्यस माथी तेल,गाडी मर्मत र नगरको शुल्कले टेम्पु तथा सफारी ब्याबसायी पलाएन हुनेमा दुईमत नभए बताए ।

यता नगरपालिकाले निर्धारण गरेको दस्तुर अनुसार रकम तिरी ठेक्का सन्चालन गरेका ठेकेदार सुशील आचार्यले आफू नगरले निर्धारण गरेको शुल्क भन्दा बाहिर नगएको बताए। हामी सङ नगरले उपलब्ध गराएको मापदण्ड तथा शुल्क छ, उनले भने, त्यस परिधिभित्र रहेर हामीले गत बर्ष को भन्दा कम दररेटमा शुल्क असुली गरिरहेका छौ। उनले नगरपालिकाले गत बर्ष भन्दा बढाएर टेण्डर लागाउने अनि शुल्क चै घटाएर असुली गर भन्ने नीति ल्याउन लागेकाले पाच्य नभएको बताए ।

यस बिषय सप्तकोसी नगरपालिकाका नगर प्रमुख कृष्ण प्रसाद ढकालसंग सम्पर्क गर्दा दुई पक्षलाई अप्ठ्यारो नपर्ने तरिकाले नगरले संयोजन गर्ने र अटो तथा इ–रिक्साहरुलाई पर्दै आएको चर्पी तथा पार्किङको समस्या श्रावण महिनाको मसान्तसम्ममा समाधान हुने विश्वात रहन आग्रह गरे ।


## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

मधेश प्रदेशको पर्सा जिल्ला अन्तर्गत वीरगञ्ज महानगरपालिका वडा नं. ३२, टेडा स्थित धानबाट चामल उत्पादन कार्य गर्नको लागि

**आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८०।०४।०९ गते

मधेश प्रदेश अन्तर्गत पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिकाको वडा नं. ३२, टेडामा शिव बाबा खाद्य उद्योग प्रा. लि. प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिइएको छ।

| | |
|---|---|
| प्रस्तावकककाे नाम र ठेगाना | शिव बाबा खाद्य उद्योग प्रा. लि.<br>वीरगञ्ज महानगरपालिका वडा नं. ३२, टेडा<br>पर्सा, मधेश प्रदेश, नेपाल, फोन नं.-९७७-९८५४०२९२८३<br>ईमेल-shivababa@gmail.com |
| प्रस्तावकको व्यहोरा | मधेश प्रदेशको पर्सा जिल्ला अन्तर्गत वीरगञ्ज महानगरपालिका वडा नं. ३२ टेडा स्थित धानबाट चामल उत्पादन कार्य गर्न लागिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा./गा.पा. | मधेश प्रदेशको पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका वडा नं. ३२ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको म.न.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सारोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

**शिव बाबा खाद्य उद्योग प्रा. लि.**
**वीरगञ्ज महानगरपालिका वडा नं. ३२, टेडा**
**पर्सा, मधेश प्रदेश, नेपाल**
**☎+९७७ ९८५५०२९२८३**
**ईमेल- shivababa@gmail.com**

**चित्राँस मल्टि स्पोर्ट कन्सल्टेन्सी प्रा. लि.**
**ललितपुर म.न.पा.-३, पुलचौक,**
**ललितपुर, नेपाल**
**☎+९७७ ९८४९०८७२०२**
**ईमेल- chitranshmulticonsult@gmail.com**


# चार पौराणिक शिव मन्दिरमा भक्तजनको घुइँचो

**रासस**
**जलेश्वर ।**
साउनका प्रत्येक सोमबार श्रद्धापूर्वक मनाइने सोमबारी मेला (बोलबम)को अवसरमा आज पनि महोत्तरीका चार पौराणिक शिव मन्दिरहरुमा भक्तजनको अपार भीड लागेको छ ।

जिल्लाको सदरमुकाम जलेश्वरमा अवस्थित बाबा जलेश्वरनाथ, बर्दिबास नगरपालिकामा अवस्थित बाबा टुटेश्वरनाथ, भङ्गहा नगरपालिकामा अवस्थित बाबा सिद्धेश्वरनाथ र सोनमा गाउँपालिकामा अवस्थित बाबा मङ्गलनाथको मन्दिरमा भगवान शिवको पूजाअर्चना गर्ने दर्शनार्थी श्रद्धालुको आज बिहानैदेखि अपार भीड लागेको हो ।

जिल्लाका चारै कुनामा रहेका यी चार महादेवको मन्दिरमा आजका दिन भक्तजन नेपाल र भातर विभिन्न पवित्र नदी, पोखरी र तलाऊबाट जल भरेर पैदल यात्रा (बोलबम यात्रा) गरी बाबा महादेवलाई जल अर्पण गर्दछन् । विभिन्न नदी, तलाऊ र पोखरीबाट जल भरेर पैदल हिँड्दै काँधमा काँवर राखेर तथा धेरैजसोले हातमै पनि डिब्बा र अन्य भाँडोमा जल ल्याएर शिवालयहरुमा अर्पण गर्ने परम्परा र कार्यलाई नै बोलबम यात्रा भनिन्छ ।

यस बोलबम यात्रा भगवान शिवलाई निक्कै प्रिय रहेको र यस यात्रा गर्ने भक्तजनलाई शिवलोक प्राप्त हुने जनविश्वास रहेको जलेश्वरका वयोवृद्ध पुजारी कालिकान्त झा बताउछन् । सोमबारी पर्वको अवसरमा प्राचीन तथा पुरातात्विक महत्व राख्ने महोत्तरीको दक्षिणमा अवस्थित बाबा जलेश्वरनाथ, पश्चिममा अवस्थित बाबा मङ्गलनाथ, उत्तरमा अवस्थित बाबा टुटेश्वरनाथ र पूर्वमा अवस्थित बाबा सिद्धेश्वरनाथ गरी चार ऐतिहासिक एवं पौराणिक महादेवको मन्दिरसहित जिल्लाका सबै शिवालयमा आज भक्तजनको अपार भीड लागेको छ ।

महोत्तरीको जलेश्वर, राजा जनकको राजधानी जनकपुरको दक्षिणद्वारको रुपमा रहेको पुराणमा वर्णित छन् भने पदम पुराणका अनुसार जलेश्वरनाथ महादेव स्वयं रुद्रबाट स्थापना भएको हो ।

रुद्रायतन्त्र ग्रन्थमा त्रेता युगमा राजा जनकको राज्यको सिमानाको चारैतिर सीताको रक्षाकवचको रुपमा स्वयम् महादेवले पहरेदारी दिने भएकाले जनकपुरको पूर्वोतर कुनामा कपिलेश्वरनाथ, उत्तरमा क्षीरेश्वरनाथ, दक्षिणपूर्वमा कल्याणेश्वर र पश्चिम दक्षिण कुनामा जलेश्वरनाथ महादेव प्रतिष्ठित भएकाले यो महादेवको दर्शन गर्नाले चार देवस्थलको पुण्य मिल्ने विश्वास रहेकोले सोमबारी मेलाको अवसरमा यहाँ दर्शनार्थीको अपार भीड लाग्ने गरेको छ ।

यहाँको शिव लिङ्ग बाह्रैकाल जलाशयमा रहने हुँदा जलेश्वरनाथ नामाकरण भएको किम्बदन्ती छ । जलेश्वरनाथमा लागेको सोमबारी मेलालाई व्यवस्थित बनाउनका लागि जलेश्वरनाथ महादेव संरक्षण समितिद्वारा निःशुल्क स्वास्थ्य शिविर, आवास, खानेपानीको व्यवस्था गरिएको छ, भने शान्ति सुरक्षाका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरी व्यापक रुपमा परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी दीपक पहाडीले बताएका छन् । पौराणीक मतअनुसार मिथिला नरेश जनकले स्थापना गरेको यस शिवालयको दर्शन मात्रले सम्पूर्ण पाप कट्टी भई पुण्य कमाइने जनविश्वासका कारण भक्तजनको भीड लाग्ने गरेको हो ।

बोलबमको अवसरमा भक्तजनको चापलाई दृष्टिगत गरी सबैले सुविधापूर्वक दर्शन गरुन भन्ने मनशायले यो पटक प्रर्याप्त व्यवस्था मिलाइएको मेला समितिले जनाएको छ ।

सोमबारीको अवसरमा यहाँ धेरै भत्तजन निराहार व्रत बस्ने तथा अधिकांशले दर्शन पश्चातमात्र अन्न जल ग्रहण गर्ने परम्परा रहेको छ ।

सोमबारीको दिन तराई–मधेशका किसानले राम्रो कृषि उत्पादन तथा सहकालको कामना गर्दै तथा सु–स्वास्थ्यका लागि भगवान आसुतोषलाई भण्टाकोभार चढाउने परम्परा पनि रहेको मन्दिरका पुजारी उपेन्द्र पाठकले बताए । सोमबारीको पुण्य दिन पारेर आज जलेश्वरनाथ मन्दिर परिसरमा बालकको मुण्डन गर्ने प्रचलनसमेत रहेको छ । यस्तैगरी जिल्लाको उत्तरवर्ती बर्दिबासमा अवस्थित बाबा टुटेश्वरनाथ महादेव, भङ्गाहा नगरपालिकामा अवस्थित बाबा सिद्धेश्वरनाथ महादेव र सोनमा गाउँपालिकामा अवस्थित मङ्गलनाथ महादेव मन्दिरमासमेत भक्तजनको भीड तथा पूजाकीर्तनले वातावरण भक्तिमय पारेको छ ।

सदरमुकाम जलेश्वरमा रहेको जलेश्वरनाथ महादेवपछि सोनमा गाउँपालिकामा रहेका मङ्गलनाथ महादेवमा सबैभन्दा बढी धार्मिक क्रिलयाकलाप, धर्म उत्सव एवं रमाइलो मेला लाग्ने गरेको कारण मङ्गलनाथ महादेव मन्दिर सोमबारी मेलाको अवसरमा आर्कषणको केन्द्र बन्ने गरेको छ ।

सदरमुकाम जलेश्वरमा रहेका जलेश्वरनाथ महादेव मन्दिरमा जिल्लाको दक्षिणी, पूर्वी भेगका गाउँबस्तीका साथै छिमेकी राष्ट्र भारतका भक्तजनको भीड लाग्ने गर्दछ भने सोनमा गाउँपालिकामा रहेका महादेव मङ्गलनाथको मन्दिरमा जिल्लाको पश्चिमी क्षेत्रका भक्तजनसहित छिमेकी जिल्ला सर्लाही र केही भारतका भक्तजन पनि पूजा, अर्चनाको लागि पुग्ने गर्दछन् । त्यस्तै जिल्लाको उत्तरवर्ती बर्दिबास नगरपालिकाको टुटेश्वरनाथ महादेव मन्दिरमा महोत्तरीसहित सिन्धुली, सर्लाही समेतका भक्तजन आउने गर्दछन् भने भङ्गाहा नगरपालिकाका सिद्धेश्वरनाथ महादेव जिल्लाको पूर्व उत्तरवर्ती गाउँबस्ती भक्तजनसहित धनुषाका भक्तजनको आस्थाका केन्द्रको रुपमा रहेको छ ।

**यी आठ गुणले ख्याती बढाउँछः बुद्धि, कुलीनता इन्द्रीय निग्रह, शास्त्रज्ञान, पराक्रम, धेरै नबोल्ने, शक्तिअनुसार दान दिने र कृतज्ञता ।**

**– स्टिभ जब्स**

## सम्पादकीय

# मधेश सरकारको विस्तारमा उल्झन

नेकपा एमालेले सरकार छाडेपछि मधेश प्रदेश सरकार विस्तार त भयो तर अपुरो रह्यो । नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीका केही मन्त्रीले अवसर त पाए तर जनमत पार्टीका मन्त्रीहरु भूमिकाविहीन बनाइए । उनीहरुलाई कुनै मन्त्रालय नदिएर विनाविभागीय मन्त्री र राज्यमन्त्रीमा सीमित गरियो । लामो समय भयो । उनीहरुले भूमिका पाउन सकेका छैनन् । अर्कातिर सहमतिअनुसार दलीय भागवण्डामा मन्त्रिपरिषद् विस्तार नहुँदा सरकार अधुरो रह्यो । जसपाले सहमति भन्दा बढी मन्त्रालय पाइरहेको छ । अरु दलले सहमतिअनुसार भूमिका र मन्त्रालय पाउन सकेका छैनन् । सबैभन्दा बढी मार जनमतका मन्त्रीहरुलाई परेको छ । उनीहरु बजेट बनाउने बेला भूमिकाविहीन बनाइए । जब बजेटका बेला जनमतको भूमिका रहेन, स्वतः यसले मधेशमा उनीहरुप्रति जनताले गरेको विश्वासमा आँच आउने नै भयो । जनताका लागि बजेट बनाउने बेला भूमिका नभएपछि आफ्नो भूगोलका जनताका लागि विकास लैजान सकस हुने नै भयो । सायद यो उपेन्द्र यादव र जनता समाजवादी पार्टी नेपालको राजनीतिक दाउपेच पनि थियो । र, सफल पनि भयो ।

एमालेले छाडेपछि कैयौँ मन्त्रालय मुख्यमन्त्री सरोजकुमार यादवसँगै छ । नेपाली कांग्रेसले मुख्यमन्त्रीमा मुख मिठ्याएर अन्ततः भौतिक पूर्वाधारमा चित्त बुझाएपछि जनमत पार्टी भने भूमिकाविहीन बन्न पुग्यो । नेकपा एकीकृत समाजवादीले केन्द्र र अरु प्रदेशमा झैँ कृषि मन्त्रालयमै भूमिका पायो । नेकपा एमालेले केन्द्रकै नीति अवलम्बन गरिरहेको छ । केन्द्रमा संसद अवरुद्ध हुँदा मधेशमा पनि यही भूमिका देखाउँछ । बजेट बनाएपछि मन्त्रिपरिषद् विस्तार भन्दै वैशाख–जेठ–असारसँगै साउनको पनि दोस्रो साता आइसकेको छ । तर मन्त्रिपरिषद् विस्तार भएको छैन । केन्द्रमा पनि उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टीले अनेक उल्झनमा आफ्नो उपस्थिति जनाइसकेको छ । सत्तारुढ पार्टी र प्रधानमन्त्रीको पार्टीसहितको समाजवादी मोर्चाको सदस्य रहेको जसपाले बेलाबखत राख्ने असहमतिको कुनै अर्थ देखिएको छैन । तर भूमिका के हो भनेर शंकास्पद बनिरहेको छ । जनमत सरकारमा आउन तयार भइरहँदा पनि जसपाले मिटरब्याजीसहित केही मुद्दामा असहमति जनायो । पछि पारित भयो । के सहमति भयो ? कतै मधेशको मुख्यमन्त्री पक्का गरिराख्न पो यो खचडी पकाइयो कि भन्ने परेको छ ।

जे होस्, बजेट बनेको छ । पारित भएको छ । अब मधेश सरकार द्रूतगतिमा दौडन जरुरी छ । साउनलगत्तै जनताको काममा जुट्न ढिलाइ गर्नु हुन्न । यसैले मधेश सरकार विस्तारको तयारी अब रोकिनु हुन्न । उचित भूमिकासहित सबै पार्टीहरु मिलेर सरकार विस्तार गरेर प्रतिपक्षीको सुझावका हिसाबले अघि बढ्न ढिलाइ भएको छ । चाँडै सरकार विस्तार भए जनमतका मन्त्रीहरुले पनि भूमिका पाउने थिए या बिदा पाउने थिए । अर्कातिर काम गर्छु भनेका मन्त्रीहरुले पनि मौका पाउने थिए । यो अवसरलाई मधेश सरकारले अब धेरै अवरुद्ध गर्नु उचित देखिएको छैन । यसको अर्थ के हो भनेर पनि जनताले बुझ्न पाउनु पर्छ । सरकार विस्तार रोक्नु राजनीतिक दलहरुको अनेक दाउपेच होला तर विकासको विस्तार रोकिनु हुन्न ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# मणिपुरको जातीय हिंसा मधेश सचेत हुनुपर्छ

> सन् १९७२, २१ जनवरीका दिन बिद्रोह नहोस शान्ति कायम रहोस भने अभिप्रायका साथ भारत सरकारले मणिपुरलाई पूर्णराज्यको दर्जा प्रदान गरियो । तर बिद्रोह थमेका थिएन । सन् १९८०मा सो राज्यलाई नै अशान्तक्षेत्र घोषित गर्ने काम भयो ।
>
> भारत सरकारले सैन्य कार्यवाही थाल्यो । कुकी उग्रवादीहरु सैन्यकार्यवाहीमा साफ हुन थाले । २००८ (ई.)मा भारत सरकारले युद्धबिराम घोषण गर्यो र वातामा आउने आह्वान गर्यो तथा सरकारपक्ष र बिद्रोहीपक्षको बार्ता भयो । वार्तामा कुकी बिद्रोहीले भारतको आस्मा कानुन टेकेर जान नहुनेगरी केन्द्रसरकार, राज्य सरकार तथा कुकी बिद्रोही समुदायबीच सहमतिपत्रमा हस्ताक्षर भयो ।



उपेन्द्रभगत नागवंशी
u.nagawanshi@gmail.com

छिमेकी मुलुक भारतको उत्तरी–पूर्वीराज्य मणिपुरमा जातीयहिंसा भड्किएको तिनमहिना जतिको समय पुग्नलाग्दापनि हिंसात्मक कार्यमा भने विराम नलागि सकेको अवस्था छ । शान्ति बहाल र सामन्जस्ताकालागि भारतीय सेनाका जवानहरु–'बोर्डर सिक्युरेट्री फोर्स(बि.एस.एफ.),केन्द्रिय रिजर्फ पुलिस–फोर्स(सी.आरपी.एफ.),असम राइफल्स'का जवानहरु अहोरात्र सुरक्षार्थ खटिएको छ । कर्पmू लगाइएको छ ! इन्टरनेट सेवा समेत बन्द गरीएको छ ! तथापि अवस्था दिनानुदिन भयावह बन्दै गइरहेको छ र मणिपुरको गाउँ–नगरहरु जातिय हिंसात्मक गतिविधिमा खरानी हुंदै गएका छन् । विभिन्न माध्यमहरुबाट प्राप्त समाचारहरुले मानवता बिरोधि र घृर्णितपार्ने खालका घटनाहरु त्याहां भइरहेका छन् । पाँचहजार जति हिंसात्मक आगजनिका घटनामा अहिलेसम्म १६० जना भन्दा बढि मानिसको मृत्यु भइसकेको छ । यसमा महिला तथा बालबालिकापनि छन् । ६० हजारभन्दा बढि मानिस घरबार विहिन अवस्थामा पुगिसकेको छ । सुरक्षाकर्मीहरुले ५९९५ बटा घटना दर्ज गरी कार्यवाही अगि बढाइ सकेको छ । सो क्रममा ६७५० जना मानिसलाई हिरासतमा राखिएको छ । सयौं गाउँहरु खाली परेका छन् । महिलाहरु सुरक्षाकालागि बाटोहरुमा घेरा हालेर बसेकी छिन् । बाहिरका मानिसहरुको प्रवेश मणिपुरमा बन्द गरिएको छ । बन्दुक लिएर सर्वसाधारणहरुपनि गस्त लगाउन थालेका छन् । त्यो बन्दुक कहांबाट आए ? ती बन्दुकधारीहरु बिद्रोही हुन की अरुथोक छुट्याउन गारो भएको छ । यसरी आ आफ्नो समुदायको सुरक्षाको नाउंमा र हक अधिकारकानाममा एकअर्कालाई हत्या गर्ने, घर–सम्पतिमा आगो लगाएर खरानी पारिदिने, महिलालाई बलात्कार गर्ने, बाल–बालिकालाई समेत मार्ने जस्ता जघन्य अपराध गर्न कार्य हुन थालेका छन् ।

एक–अर्काप्रतिको यस्ता क्रुरतापूर्ण रबैया देखेर त्यसको असर छिमेकी देश र नागरीकमा नपर्ला भने कसरी ठम्याउन सकिन्छ । योपनि हाम्रा जस्तो मुलुककोलागिपनि थ्रेट हो भन्ने बुझ्नु पर्दछ ।

**मणिपुरका केहि ऐतिहासिक तथ्य**

बृट्रिश उपनिवेशबाट भारत आजात भएकै समय सन् १९४७ मा मणिपुरलाई अंग्रेजहरुले तीनबटा बून्दामा स्वतन्त्र भइ जान छुट दिएको थियो । आजाद भारतसंग मीलेर जाने वा पाकिस्तानसंग जाने अथवा सवतन्त्र राष्ट्रको रुपमा आप्mनो पहिचान बनाउने छुट थियो । मणिपुरका तात्कालिन नरेश बोषचन्द्र सिंह त्यसकालागि सन् १९४८मा जनमत बुझ्न् निर्वाचन गराए । त्यस पछि १९४९मा भरतमा बिलय हुनकालागि तात्कालीन राजा सिंह तयार भए । त्यसबखत कुकी समुदायका केहिले बिरोधमा गए । उनीहरु पहाड र जङ्गलक्षेत्रमा बस्द थिए,आफ्नो पक्कर अझै त्यहीं जङ्गल पहाडमै बनाए ।

सन् १९७२, २१ जनवरीका दिन बिद्रोह नहोस शान्ति कायम रहोस भने अभिप्रायका साथ भारत सरकारले मणिपुरलाई पूर्णराज्यको दर्जा प्रदान गरियो । तर बिद्रोह थमेका थिएन । सन् १९८०मा सो राज्यलाई नै अशान्तक्षेत्र घोषित गर्ने काम भयो । भारत सरकारले सैन्य कार्यवाही थाल्यो । कुकी उग्रवादीहरु सैन्यकार्यवाहीमा साफ हुन थाले । २००८ (ई.)मा भारत सरकारले युद्धबिराम घोषण गर्यो र वातामा आउने आह्वान गर्यो तथा सरकारपक्ष र बिद्रोहीपक्षको बार्ता भयो । वार्तामा कुकी बिद्रोहीले भारतको आस्मा कानुन टेकेर जान नहुनेगरी केन्द्रसरकार, राज्य सरकार तथा कुकी बिद्रोही समुदायबीच सहमतिपत्रमा हस्ताक्षर भयो । यो सहमतिलाई कुकी समुदायका एकपक्षले मान्य गरेन र बिद्रोहमा गए । शहर केन्द्रित मैतइ समुदालेपनि कुकी उग्रवादी समुदाय बिरुद्ध मोर्चा बनाएर खडा भयो र प्रतिकारमा ओर्ले । विदेशी शक्तिहरुपनि खेल्न थाले र र जातीय लड़ाइका साथ सार्थै धार्मि लडाईपनि जुड्न गयो । सन् २०२०मा मैतइ समुदायले जङ्गल, पहाडमा हामिपनि जान पाउ, बस्न पाउ, भनेर आन्दोलन थाल्यो । त्यसबेलादेखि मैतइ र कुकी समुदायबीच ब्यमनस्यता बढ़ैत गयो र एकअर्काकोबीच फाटो आउन थाल्यो सोको बिकराल रुप अहिले सन् २०२३ को मध्यमा देखिन्छ थालेको छ । कुकी समुदायले अब छुटै प्रान्तको मांग गर्न थालेका छन् । उनीहरु अधिकांश क्रिश्चियन धर्म अपनाएका छन् । दिनहूँ एकाअर्कामाथि आक्रमण गर्ने, आगजनी गर्ने हत्या बलात्कार जस्ता जघन्य अपराध गर्ने कार्य भइरहेको छ ।

**मणिपुर र मधेश**

मणिपुरमा मूलतः तीन समुदायका मानिसहरुको बसोबास छ । 'नागा', 'मैतइ' र 'कुकी' ! गत मइ ३ तारिक अर्थात् बैशाख–२० गतेबाट त्यांहा जातिय हिंसा शुरु भयो र संगै बस्दै आएका कुकी र मेतई समुदाय एकअर्काको कट्टर दुश्मण भए । घटनाको आगो त्यतीबेला दन्किन थाल्यो जतिबेला तीनजना महिलालाई नाङ्गौ पारेर जुलुसमा घुमाइयो । र, त्यांका 'चुराचान्दपुर' नगर जहाँबाट हिंसात्मक घटनाको शुरुआत भएको थियो । मैतई जातिय समुदायलाई जातियसूचिकृतमा समावेस गर्नु हुँदैन भनेर कुकी जातिले अडान लिए र आन्दोलन शुरु गरेका थिए । मैतइ समुदाय जस्को हजारोवर्षको इतिहास छ र उनिहरु हिन्दुधर्म मानिने समुदायका हुन् । जबकी कुकी क्रिश्चियन धर्म मानिने समुदाय हुन । अर्कोरुपमा भन्नु पर्दा कुकीहरु प्रायः मणिपुर सीमासंग जुडेका म्यान्मारबाट आएकाहरु बढि छन् । ठीक मधेशमा मधेशे झै देखिने अनुहार भएका तर सीमापार भारतबाट नै अधिकांश विभिन्न समयमा आएर बसेका नागरीक झै रहेका छन् । संख्यात्मक हिसाबले कुकी समुदाय बढ़ि छन् र मैतइ मूलवासी समुदाय अल्पसंख्यक हुन गएको छ । नेपालको तराईमा रहेको रैथाने साबिकका मधेशी झै टटका (हालका) मधेशी झैको अवस्था झै मैतयी समुदायको अवस्था छ । वन–जङ्गल जमिन र जागिरमाथि हाम्रा कब्जा हुनुपर्छ भनै मूल लड़ाइ त्यांहाका दुई समुदायबीच चल्दै आइरहेका छन् । त्यहीं नागाहरु जनजातीय र जङ्गलमा बस्ने समुदाय भएकाले उनीहरु यस लड़ाइमा खुलेर आएका छैन् ।

तराई–मधेशमा कोहि धेरै–धरै वर्ष पहिला त' कोहि हालसालमा आए तर आए , खाशगरी तराईक्षेत्रमा भारतबाट नै बहु संख्यक मानिस आएर बसेका हुन् । जो पहिला आए त्यसमा राम्रा मानिसहरु थिए । विशेषगरी २०४६ सालपछि नेपाल छिरे र कुनै न कुनै माध्यमबाट हाम्रो कमजोर नीयम–कानुनको पैmदा उठाएर नेपाली नागरिक हुन पुगे तिनीहरुबीच रैथाने तरँइबासी मधेशीहरु निकै पीड़ित र प्रतारित छन् । राज्य हाक्ने हाम्रा राजनीतिक दल र तीनका अगुवा नेताहरु यस मामिलामा गम्भिर छैन् । २०६३ ०६४मा बाटिएका नागरिकतामा अझै धेरैले सीमापारबाट छिरे र सेना, सशस्त्र, प्रहरी तथा देशका महत्वपूर्ण पदहरुमा टटका नेपालीहरुले आफ्नो जडा समाउन सफल भएका छन् । तराईबासी रैथानेहरुलाई बल पुर्याउने र सीमावारीपारी दुबैथरीका मधेशीलाई बुझेर तालमेल मीलाएर टटका र साबिक नेपालीलाई लाने काम हुन्थियो त्य बिन्दुलाईपनि मधेश आन्दोलनका नाममा बिथोल्ने काम युक्तिसंगत रुपले भयो । तराइबाट पहाडे समुदायलाई पलायन हुन बाध्य गरियो । त्यसपछि रैथाने मधेशी अझन एक्लो अनुभूति गर्न थाले र 'हिया' हारेर बस्न बाध्य भएका हुन् । मधेशवादी कहलीएका दलहरुको राजनीतिक त्यहीं टटका नेपालीहरुकै भाोट बैंकमा निहित भएको छ । प्रदेश सरकारपनि त्यस्तैहरुलाई मलजल गरेर अगाडि बढाइ रहेका छन् । तराईमा मूलवासी तरँईका रैथाने मधेशीहरु अति अल्पमतमा पर्न गएका छन् । तिनका सन्ततीहरुबीच अनेक थरीका दुविधा र असुविधाहरुको सामना गरी रहने परेको छ । यस यर्थात्लाई आत्मसाथ गरेर कहिलेसम्म को जान सक्छ भने भन्न सकिदैन । किन भने आफ्नो नीजत्वको कुरा एकन एकदिन उठछ् र उठाउनै पर्छ, त्यती बेला मणिपुर झै मधेशको अवस्था हुंदैन भन्ने के थाह ।

**टटकाबाट थिचिएका साबिक मधेशीे**

जुनसुकै मुलुकमा शासन सञ्चालन गर्ने दल नेता वा शासकलाई दूरदर्शिता अपनाउनु पर्दछ । आफ्ना देशका नागरीकमाथिको निगरानी गरीरहनु पर्छ । उनको आवश्यकता पुरा गर्न तिर लाग्नु पर्दछ । हेला तिरस्कार गर्नु हुँदैन् । त्यसैगरी बाहिरी घुसपैट हुन दिनु हुंदैन् । घुसपैठियाहरु आयो भने तत्काले चिन्हित गरेर बाहिर गर्नुपर्छ त्यां सोही कुरोमा चुक भएकाले अहिले यस्तो भयावह र मानवता बिरोधि घटनाहरुहुन थालेका छन् । हाम्रो घरमा अरुको युक्ति लगाउने र दूनो सुल्झाउनेकृतपनि गर्न दिनु हुंदैन् भने हेकका राखेर नै जानु पर्छ । यसका अतिरिक्त समाजमा हुने गरेका वा भएका स–साना कुराहरुमाथि राज्य चलाउनेहरुले गम्भिर हुनैपर्छ । सो भएनभने ति समान्य लाग्ने कुरा भयावह रुप धारण गर्छन जो पछि राज्यको नियन्त्रण भन्दा बाहिर हुनजान सक्छ । ठीक प्राणिको शरीरमा एउटा समान्य घमौरा निस्कयो भने किन र के कारणले निस्कियो त्यसको उपचार र हेरचाह तत्कालै गरी दिए भने ठूलो घाउ हुन सकिदैन ।

घाउ भयो भने अझै सचेततापूर्वक सोको उपचार गराई हाल्नुपर्छ नत्र ठूलो घाउ हुन जान्छर घमिरा लाग्न सक्छ अङ्गकाट्ने सम्मको अवस्था आउन सक्छ । हामिले राज्य र राज्यकाङ्गहरुलाई त्यसरी नै नियाली रहनु पर्छ । आज नागाल्याण्डको मणिपुरमा जो भइरहेका छन् त्यो हाम्रो मुलुक नेपालमा त्यस्तो हुंदैन भने यकिन छैन् । देशको भगौलिक बनौट, खुला सीमाना, मानिसको बसाई र विभेदका कुरा संघीय लोकतान्त्रिक गणतन्त्र देश नेपाल भएपनि धेरै थोक परिवर्तनको अनुभूति 'ग्रासरुट'का जनताले गर्न भ्याएको छैन् । मणिपुरको समस्या जस्तै हाम्रो मुलुकामापनि केहि कमन समस्या छ । त्यसकारण हाम्रा राज्य सञ्चलनकर्ताज्युहरुले सीमापारी छिमेकमा भएको घटनाबाट सचेत हुनुपर्ने र सीख लिनुपर्ने आवश्यकता छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभभ्का : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
माता तथा मावलितर्फबाट बिशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरुपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । ब्यर्थ श्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES** दि,दु,थ,भ्क,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# सार्वजनिक ऋण २२ खर्ब २१ अर्ब नाघ्यो

**रासस**
**काठमाडौं ।**

नेपालले तिर्न बाँकी सार्वजनिक ऋण २२ खर्ब २१ अर्ब ६७ करोड ८५ लाख रुपैयाँ भन्दा बढी पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०७९/८० को अन्तसम्ममा नेपालले ११ खर्ब २८ अर्ब ३२ करोड ९२ लाख रुपैयाँ बराबर आन्तरिक र १० खर्ब ९३ अर्ब ३४ करोड ९३ लाख रुपैयाँ बराबर बाह्य ऋण तिर्न बाँकी रहेको देखिएको हो ।गत आर्थिक वर्षमा मात्र नेपालको सार्वजनिक ऋण दुई खर्ब आठ अर्ब ३८ करोड २१ लाख रुपैयाँ थपिएको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ को असार मसान्तसम्ममा यस्तो ऋण २० खर्ब १३ अर्ब २९ करोड ६४ लाख रुपैयाँ बराबर थियो । .गत आर्थिक वर्षमा मात्र एक खर्ब ४० अर्ब ८७ करोड ९९ लाख रुपैयाँ बराबर आन्तरिक र ६७ अर्ब ५० करोड २२ लाख रुपैयाँ बराबर बाह्य ऋण थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।

**साँवा–ब्याजको दायित्व पुँजीगत खर्चकै हाराहारी**

गत आर्थिक वर्ष २०७९/८० मा नेपालको पुँजीगत खर्च दुई खर्ब ३३ अर्ब ६९ करोड रुपैयाँ बराबर हो । सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा गतवर्ष सरकारले गरेको खर्च पनि विकास खर्चकै हाराहारी छ । गत वर्षमा ऋणको साँवा ब्याज भुक्तानीमा सरकारले दुई खर्ब २२ अर्ब ७४ करोड २१ लाख रुपैयाँ खर्च गरेको छ । जसमध्ये, आन्तरिक ऋणको साँवा–ब्याज भुक्तानी एक खर्ब ७९ अर्ब ७२ करोड ५३ लाख रुपैयाँ र बाह्य ऋणको साँवा ब्याज भुक्तानीमा ४३ अर्ब एक करोड ६८ लाख रुपैयाँ बराबर खर्च भएको छ ।

सरकारले गत वर्ष आन्तरिक ऋणको साँवा मात्रै एक खर्ब १५ अर्ब ११ करोड ७८ लाख रुपैयाँ बराबर तिरेको छ । त्यस्तै, आन्तरिक ऋणको ब्याजमा ६४ अर्ब ४९ करोड ४२ लाख रुपैयाँ र नेपाल राष्ट्र बैंकलाई तिर्ने कमिसनमा ११ करोड ३३ लाख रुपैयाँ बराबर खर्च भएको छ । बाह्य ऋणमा भने ३४ अर्ब ६१ करोड ७९ लाख रुपैयाँ बराबर साँवा र आठ अर्ब ३९ करोड ८९ लाख रुपैयाँ बराबर ब्याज भुक्तानी भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।

गत आर्थिक वर्ष २०७९/८० मा नेपालले तीन खर्ब ३८ अर्ब ११ करोड ७८ लाख रुपैयाँ बराबर आन्तरिक र बाह्य ऋण उठाएको छ । आन्तरिकतर्फ दुई खर्ब ५५ अर्ब ९९ करोड ७७ लाख रुपैयाँ र बाह्यतर्फ एक खर्ब दुई अर्ब १२ करोड रुपैयाँ बराबर ऋण उठाइएको छ ।




**जिडिपी–ऋण अनुपात ४५ दशमलव ८० प्रतिशत**

अहिले नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को आकार ४८ खर्ब ५१ अर्ब ६२ करोड रुपैयाँ रहेको छ । जिडिपीको यो आकारलाई आधार मान्दा जिडिपीमा सार्वजनिक ऋणको अनुपात ४५ दशमलव ८० प्रतिशत पुगेको छ । जिडिपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जानु र न्यून पुँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर भइरहँदा त्यसले आगामी दिनमा मुलुकको अर्थतन्त्रलाई जोखिममा पार्नसक्ने भन्दै सार्वजनिक ऋण बढेकामा आलोचना हुने गरेको छ ।

**एक दशकमा चार गुणाले बढ्यो सरकारी ऋण**

आर्थिक वर्ष २०७०/७१ मा नेपालको सार्वजनिक ऋण पाँच खर्ब ५३ अर्ब ५० करोड ७० लाख रुपैयाँ बराबर थियो भने उक्त वर्ष जिडिपीमा सार्वजनिक ऋणको अनुपात २८ दशमलव ५१ प्रतिशत बराबर थियो । पछिल्लो करिब एक दशकमा नेपालको सार्वजनिक ऋण चारगुणाले बढेको छ भने जिडिपीमा ऋणको अनुपात दोब्बरले बढेको छ । पछिल्लो पाँच वर्षमा मात्र नेपालको सार्वजनिक ऋण दोब्बरभन्दा बढीले बढेको छ । आर्थिक वर्ष २०७३/७४ मा नेपालको सार्वजनिक ऋण छ खर्ब ९७ अर्ब ६८ करोड रुपैयाँ बराबर थियो । भूकम्पपछिको पुनःसंरचनाका लागि नेपालले ऋण मात्रामा ऋण उठाएपछि आर्थिक वर्ष २०७४÷७५ सम्ममा नौ खर्ब १७ अर्ब ३१ करोड रुपैयाँ पुग्यो । त्यसपछि आर्थिक वर्ष २०७५/७६ मा १० खर्ब ४८ अर्ब १५ करोड रुपैयाँ, आर्थिक वर्ष २०७६/७७ मा १४ खर्ब ३३ अर्ब ४० करोड रुपैयाँ, आर्थिक वर्ष २०७७/७८ मा १७ खर्ब ३७ अर्ब ६३ करोड रुपैयाँ र आर्थिक वर्ष २०७८÷७९ सम्ममा २० खर्ब १३ अर्ब २९ करोड रुपैयाँ बराबर पुगेको थियो ।

प्रतिव्यक्ति ऋण ७६ हजार एक सय ७७ रुपैयाँ

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपालको जनगणना, २०७८ अनुसार कूल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ बराबर छ । कूल सार्वजनिक ऋणलाई कूल जनसङ्ख्यासँग तुलना गर्दा प्रतिव्यक्ति ऋण ७६ हजार एक सय ७७ रुपैयाँ बराबर पर्न जान्छ । यसवर्ष थप चार खर्ब ५२ करोड रुपैयाँ ऋण उठाउने लक्ष्य सरकारी राजस्व सङ्कलनको तुलनामा ठूलो आकारको बजेट ल्याउँदा सरकारले आन्तरिक र बाह्य ऋणलाई बजेट स्रोतका रुपमा देखाउँछ । सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को घाटा बजेट पूर्ति गर्नका लागि चार खर्ब ५२ अर्ब ७५ करोड रुपैयाँ बराबर ऋण उठाउने लक्ष्य राखेको छ ।

जसमध्ये दुई खर्ब ४० अर्ब आन्तरिक रुपैयाँ र दुई खर्ब १२ अर्ब ७५ करोड रुपैयाँ बाह्य ऋण उठाउने सरकारको लक्ष्य छ ।

# अर्थतन्त्रमा सुधारका सङ्केत तर अझै ढुक्क हुने अवस्था छैन

**बिबिसी ।**

कतिपय आर्थिक सूचकहरू सकारात्मक देखिएसँगै नेपाली अर्थतन्त्रमा ‘उल्लेख्य सुधार’ भएको धेरैले विश्लेषण गरिरहेका छन् । विज्ञहरू भने अझै पनि नेपालको अर्थतन्त्रमा ‘ढुक्क हुनेगरी सुधार हुन नसकेको र सामान्य मानिसको जीवनमा त्यसको असर परिरहेको’ बताउँछन् । उनीहरूका भनाइमा गत आर्थिक वर्षमा रोजगारीका लागि विदेशिनेको सङ्ख्या उच्च हुँदा रेमिट्यान्सबाट भएको धेरै आम्दानीले मात्र केही सुधार देखिएको हो । तर सरकारको राजस्व आम्दानीमा कमीदेखि पुँजिगत खर्च हुन नसक्ने अवस्था एवं उच्च मूल्यवृद्धिजस्ता विषयले नेपाली अर्थतन्त्रलाई अझै पनि ‘जटिल अवस्था’मा राखेको विज्ञहरूको भनाइ छ ।



सकारात्मक सूचक

सरकारी विवरणअनुसार पछिल्ला महिनाहरूमा नेपालको शोधान्तर स्थितिमा सुधार आएको देखिएको छ । कुनै पनि देशमा भित्रने र बाहिरिने रकमको अन्तरलाई शोधनान्तर स्थिति भनिन्छ । नेपाल राष्ट्र ब्याङ्कले सार्वजनिक गरेको गत आर्थिक वर्षको ११ महिनाको तथ्याङ्क अनुसार अघिल्लो वर्ष ११ महिनामा करिब २ खर्ब ७० अर्ब रुपैयाँले घाटामा रहेको शोधान्तर स्थिति यसपालि बचतमा गएको छ ।अहिले नेपालको शोधनान्तर बचत २ खर्ब २८ अर्ब रुपैयाँ रहेको राष्ट्र ब्याङ्कको विवरणमा उल्लेख छ । त्यस्तै उक्त अवधिमा विदेशी मुद्रा सञ्चिति र रेमिट्यान्समा पनि २० प्रतिशतभन्दा बढीले वृद्धि भएको देखिएको छ । उक्त अवधिमा आयात र निर्यात दुवैमा कमी आएको देखिन्छ भने व्यापार घाटा पनि अघिल्लो वर्षको तुलनामा कम भएको छ । त्यस्तै मुद्रास्फीतिमा पनि केही कमी आएको राष्ट्र ब्याङ्कको विवरणले देखाउँछ । सरकारी आम्दानी–खर्चको अवस्था कस्तो ? शोधनान्तर स्थिति, व्यापार घाटाको अवस्था, विदेशी मुद्रा सञ्चिति तथा रेमिट्यान्स आम्दानीजस्ता कुरालाई कुनै पनि देशको बाह्य आर्थिक सूचकका रूपमा लिइन्छ ।

विज्ञहरूका भनाइमा कुनै पनि देशको अर्थतन्त्र बलियो छ भन्ने थाहा पाउन राजस्व आम्दानी र सरकारी खर्चको विवरण, पुँजिगत खर्च तथा मूल्यवृद्धिलगायतका विषयलाई पनि हेर्नुपर्ने हुन्छ । यस्ता कुरालाई अर्थतन्त्रका आन्तरिक सूचक भन्ने गरिन्छ । एकजना अर्थशास्त्री कल्पना खनालका भनाइमा अहिले नेपालको अवस्था हेर्दा त्यस्ताखाले ‘आन्तरिक सूचकमा सुधार देखिएको’ अवस्था छैन । महालेखा नियन्त्रक कार्यालयको विवरणमा उल्लेख भए अनुसार गत असार पहिलो सातासम्म नेपालमा पुँजीगत खर्च लक्ष्यको करिब ४०.४२ प्रतिशत मात्र थियो ।

नेपालमा हरेक वर्ष बजेट सिध्याउनका लागि आर्थिक वर्षको अन्त्य हुने असार महिनामा धेरै काम गर्ने तथा भुक्तानी दिने ‘गलत परम्परा बसेको’ जानकारहरू बताउँछन् । त्यसलाई महालेखा नियन्त्रकको कार्यालयको विवरणले पनि पुष्टि गर्छ । असार १ गतेसम्म ४० प्रतिशतको हाराहारीमा रहेको पुँजीगत खर्च असार ३१ गतेसम्म आइपुग्दा ६१.४४ प्रतिशत पुगेको उक्त कार्यालयको विवरणमा उल्लेख छ । त्यस्तै असारको सुरुमा करिब ६० प्रतिशत रहेको सरकारी आम्दानी असार अन्त्यमा बढेर ६८ प्रतिशत पुगेको देखिन्छ अर्थात् करिब एक महिनामा सरकारी आम्दानीमा ८ प्रतिशतको मात्र वृद्धि भएको छ । सोही अवधिमा सरकारी खर्चमा भने करिब १४ प्रतिशतले वृद्धि भएको छ ।

‘रेमिट्यान्सका कारण सुधार’

नेपाली अर्थतन्त्रका बाह्य सूचकहरूमा देखिएको सुधारमा रेमिट्यान्सको मुख्य भूमिका रहेको विज्ञहरूको भनाइ छ । सोही कारण अहिले ‘बाह्य सूचकहरूमा सुधार देखिए पनि त्यो दिगो नभएको’ कतिपय विज्ञको तर्क छ । खनाल भन्छिन्, ‘समग्रमा रेमिट्यान्स अलि बढेको भएर शोधनान्तर स्थितिमा सुधार आएको हो । तर मुद्रास्फीति अझै धेरै छ अनि कुल गार्हस्थ्य उत्पादनको वृद्धिमा पनि खासै सुधार देखिएको छैन ।’ ‘राजस्व र पुँजीगत खर्चमा पनि खासै सुधार भएको छैन । ब्याङ्कमा लगानीयोग्य रकम थुप्रिएको अवस्था छ ।’ लगानीयोग्य रकम मनग्गे भएपनि कर्जाको माग शिथिल रहेको बैंकहरु बताउँछन् । नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्री पनि अहिलेको सुधार रेमिट्यान्सको वृद्धिले भएको बताउँछन् । उनका भनाइमा समग्रमा ‘नेपालको आर्थिक स्वास्थ्यमा खासै सुधार’ हुन सकेको छैन । ‘शोधनान्तर स्थिति भनेको दान, ऋण र रेमिट्यान्सबाट आएको रकमलाई राखेर देखाइने कुरा हो । निर्यात बढेर शोधनान्तर स्थितिमा सुधार आएको भए सुधार भयो भन्न हुन्थ्यो,’ उनले भने ।

‘यसपालि इतिहासमै सबैभन्दा धेरैले श्रम स्वीकृति लिएर विदेश गएको कुरा आएको छ । त्यो हामीले हाम्रो श्रमशक्ति गुमाएको अवस्था पनि हो ।’ वैदेशिक रोजगार बोर्डका अनुसार अघिल्लो आर्थिक वर्ष अर्थात् २०७९ सालको असार महिनासम्म श्रम स्वीकृति लिएर ६ लाख ३० हजार युवा वैदेशिक रोजगारीमा गएका थिए । तर २०८० को वैशाख महिनासम्म १० महिनामै त्यो सङ्ख्या ६ लाख ५६ हजार नाघिसकेको छ । वैदेशिक रोजगार बोर्डले दिएको तथ्याङ्कअनुसार दैनिक १७ सयको हाराहारीमा विदेशिने युवाको सङ्ख्या चालु आर्थिक वर्षमा दैनिक २१ सय पुगेको छ ।

बोर्डका अधिकारीहरूका अनुसार त्यो पुनः श्रम स्वीकृति लिएकाहरू बाहेकको सङ्ख्या हो र अवैध ढङ्गले जानेहरूको सङ्ख्या अलग छ । क्षेत्री देशभित्रै उत्पादन, कृषि र उद्योग क्षेत्रको सुधार नभएसम्म नेपालको अर्थतन्त्र सुधार भएजस्तो देखिने तर पुनः ‘असहज अवस्थामा जाने’ सम्भावना धेरै रहने बताउँछन् । अहिलेको अवस्था त्यस्तै भएको उनको तर्क छ ।

सुधार हुने आशा

अहिलेको अवस्था हेर्दा बाह्य सूचकसँगै आन्तरिक सूचक पनि सुध्रने सङ्केतहरू भने देखिएको विज्ञहरूको भनाइ छ । त्यसका लागि वातावरण बनाउन सरकारले समेत पहल गर्नुपर्ने देखिएको खनाल बताउँछिन् । उनी भन्छिन्, ‘पुँजीगत खर्च बढाउन सकेमा त्यसले निजी क्षेत्रलाई पनि चलायमान बनाउँछ । त्यसैले सरकारले पुँजीगत खर्च बढाउन ध्यान दिनुपर्छ ।’ पूर्व गभर्नर क्षेत्री आयात बढाएर राजस्व बढाउने भन्दा उत्पादनमा जोड दिनुपर्ने बताउँछन् ।

# मौद्रिक नीतिले अर्थतन्त्र चलायमान गराउँछः अर्थमन्त्री



**रासस**
**लुम्बिनी ।**

अर्थमन्त्री डा प्रकाशशरण महतले नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको मौद्रिक नीतिले अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने बताएका छन् । मौद्रिक नीतिले ब्याजदर घटाउने नीति लिएकाले निजी क्षेत्र प्रवाह हुने लगानी बढ्ने उनको भनाइ छ । नेपाल प्रेस युनियन रुपन्देहीले बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा अर्थमन्त्री डा महतले ब्याजदर कम भएपछि लगानी बढ्ने र रोजगारीमा पनि वृद्धि हुने विश्वास व्यक्त गरे ।

मन्त्री महतले चालु आर्थिक वर्षमा राजस्व सङ्कलनको लक्ष्य पूरा गर्ने गरी सरकारले योजना बनाएको बताउँदै पुँजीगत क्षेत्रको खर्च बढाउनका लागि समयमै ठेक्का लगाउनुपर्नेमा जोड दिए । ‘मौद्रिक नीतिले नीतिगत दर घटाएर छ दशमलव पाँच प्रतिशत तोकेको छ, यसले बैंक ब्याजदर स्वतः खुकुलो हुन्छ र बजारमा पुँजी प्रवाह बढ्छ, यसले गर्दा सुस्ताएको अर्थतन्त्र अब चलायमान हुन्छ’, उनले भने । अर्थमन्त्री डा महतले देश विकासलाई प्रमुख प्राथमिकतामा राखेर सरकार अघि बढेकाले निराश हुनुपर्ने अवस्था नरहेको स्पष्ट पारे । उनले पुँजीगत खर्चलाई बढाउने वित्तिकै आर्थिक क्षेत्रले सुधारको बाटो लिनेमा विश्वास व्यक्त गरे ।

उनले आफ्नै सक्रियताले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तस्करीको सुन बरामद गर्न सफल भएको समेत बताए । सूचना दिनेलाई पुरस्कारको व्यवस्था गरेपछि तस्करीको सुन बरामद भएको बताउँदै अर्थमन्त्री महतले यस प्रकरणमा जरैसम्म पुगेर अनुसन्धान हुने प्रतिबद्धता जनाए । नेपाली कांग्रेसका प्रवक्तासमेत रहेका अर्थमन्त्री महतले पार्टीको केन्द्रीय समितिको बैठक प्रत्यक्ष प्रसारण गर्दा पारदर्शिता कायम भएको भन्दै यथार्थ कुरा बाहिर आएको बताए । पार्टीभित्रका धेरै भ्रम प्रत्यक्ष प्रसारणले उजागर गरेको उनको भनाइ छ ।

# औद्योगिक क्षेत्र अलपत्र परिरहँदा थपिँदै ठूला उद्योग

**रासस**
**बाँके ।**

बाँकेमा आन्तरिक खपत तथा निर्यातमा महत्व राख्ने ठूला लगानीका उद्योग थपिँदै गएका छन् । बैजनाथ गाउँपालिकामा सरकारले निर्माण गर्ने भनिएको प्रदेशस्तरीय औद्योगिक क्षेत्र अलपत्र परिरहँदा उद्योगीले कोहलपुर नगरपालिका र जानकी गाउँपालिका क्षेत्रमा धमाधम नयाँ उद्योग स्थापना तथा सञ्चालन गर्दै आएका छन् । कैलालीको लम्कीमा पशुपक्षी र मानिसलाई आवश्यक खाद्यवस्तु उत्पादन गर्दै आएको डल्फिन ग्रुपले भर्खरै कोहलपुर–७ लखनावरमा रु दुई अर्ब ५० करोड बढीको लगानीमा उद्योग सञ्चालनमा ल्याएको छ ।

केएल दुगड ग्रुपको खाद्य उद्योग, जयमङ्गलम सिमेन्ट, जय बागेश्वरी सिमेन्ट उद्योग, बागेश्वरी स्टिल एण्ड आइरन उद्योग, बाहुबली हर्बल उद्योग, गङ्गा रोजिन एण्ड टर्पेन्टाइन, पानस फर्मास्यूटिकल्स जस्ता उद्योग सञ्चालनमा छन् । सुजुकी, महिन्द्रा, हुन्डाईजस्ता महङ्गा र नाम चलेका गाडीका शोरुम पनि छन् । पश्चिम नेपालभर आफ्नो उत्पादन विस्तार गर्न कैलालीबाट बाँकेमा उद्योगलाई विस्तार गरेको डल्फिन ग्रुपका अध्यक्ष सूर्यबहादुर थापाले जानकारी दिए । उनका अनुसार डल्फिन ग्रुपले कोहलपुरमा पशुपक्षीका लागि अत्याधुनिक दाना उद्योग, मानिसका लागि चामल मिल, आटा उद्योग, सोयाबोडी र चिउरा तथा भुजा उद्योग सञ्चालन गरेको छ । यीमध्ये दाना उद्योग नेपालकै सबैभन्दा आधुनिक उद्योग हो । चाइनिज प्रविधिको यो दाना उद्योगको उत्पादन क्षमता प्रतिघण्टा १५ टन छ । ‘पशुपक्षीको दाना र मानिसका लागि आवश्यक खाद्यान्न अन्य प्रदेशबाट आयात गर्नुपर्ने बाध्यता अब छैन, हामीले बाँकेबाट देशभर नै उत्पादन विस्तार गरिरहेका छौँ’, अध्यक्ष थापाले भने ‘हाम्रा उत्पादन सहज, सुलभ र गुणस्तरीय रुपमा उपलब्ध गराउने हाम्रो उद्देश्य हो ।’ अत्याधुनिक पूर्ण स्वचालित उद्योग भएकाले डल्फिन ग्रुपको दानाको गुणस्तरमा कुनै पनि कमी कमजोरी नहुने उनको दाबी छ । डल्फिन समूहले तीन वर्षदेखि कोहलपुरमा उद्योग सञ्चालन गर्दै आएको छ । डल्फिन ग्रुपले सञ्चालन गरेका उद्योगमा चार सयदेखि पाँच सयले प्रत्यक्ष रोजगारी पाइरहेका छन् । उद्योग व्यवसायको माध्यमबाट देशमा रोजगारी सिर्जना गर्दै गुणस्तरीय उत्पादनमा आफुहरुले जोड दिँदै आएको डल्फिन ग्रुपका प्रबन्ध निर्देशक तीर्थ थापाले उल्लेख गरे ।

नेपालगञ्ज औद्योगिक क्षेत्रमा झण्डै करिब तीन दर्जन मात्र उद्योग सञ्चालनमा रहेका बेला कोहलपुरको पिपरी, पार्वतीपुर र जानकी गाउँपालिकाको गनापुर क्षेत्रमा भने औद्योगिक क्षेत्रको तुलनामा आन्तरिक खपत तथा निर्यातमा महत्व राख्ने दोब्बर ठूला उद्योग सञ्चालनमा छन् । बाँकेमा उद्योग सञ्चालन गरेर पश्चिम नेपालमा उत्पादन तथा बिक्री वितरण गर्न ढुवानी कम लाग्ने र यहाँ उद्योगका लागि आवश्यक जग्गा जमिन पनि सहजै पाइने भएकाले ठूला उद्योग थपिँदै गएको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अब्दुल वाहिद मन्सुरी बताउँछन् ।

# लागत मूल्य पाउँदै अण्डा उत्पादक किसान

**रासस**
**चितवन ।**

लामो समयपछि अण्डा उत्पादक किसानले लागत मूल्य पाउने भएका छन् । उनीहरु लामो समयदेखि लागतभन्दा कम मूल्यमा अण्डा बिक्री गर्न बाध्य थिए । पछिल्लो समय अण्डाको मूल्य बढेसँगै किसानले लागत मूल्य पाउन थालेका हुन् । विगतमा भएको नोक्सान र बैंक ऋण घटाउन भने यो मूल्यले अझै नधान्ने किसानको भनाइ छ । पछिल्लो समय अण्डाको मूल्य प्रतिक्रेट चार सय ५० रुपैयाँ तोकिएको छ । नेपाल लेयर्स कुखुरा पालक सङ्घका महासचिव शोभाकान्त ढकालका अनुसार सबै खर्च जोड्दा अहिले अण्डाको मूल्य प्रतिगोटा १७ रुपैयाँ हुन आउँछ । किसानले हाल १५ रुपैयाँ पाएका छन् । उनको भनाइमा अहिले चल्लाको मूल्य एक सय ५० रुपैयाँ पर्दछ । बीस हप्तामा कुखुराले अण्डा दिन थाल्दछ । सामान्यतया यो दानाको मूल्य प्रतिकिलो ७० रुपैयाँ पर्दछ । कुखुराले ८० हप्तासम्म अण्डा दिने गरेको उल्लेख गर्दै महासचिव ढकालले दानाको मूल्य प्रतिकिलो ६५ रुपैयाँ सम्म पर्ने बताए । सामान्यतया एउटा कुखुराका लागि औषधि, खोप र अन्य उपचारमा एक सय ६५ रुपैयाँ खर्च हुने उनको भनाइ छ । एउटा अण्डाको



उत्पादन लागत १४ रुपैयाँ ८० पैसा पर्ने ढकालको दाबी छ ।

उनले भने ‘बैंकको लगानीको किस्ता तिर्दै एउटा अण्डाको लागत मूल्य १७ रुपैयाँ पर्न आउँछ ।’ अबको समयमा केही हदसम्म अण्डाको मूल्य बढेमा किसानले लागत मूल्य पाएर विगतको नोक्सानलाई पूर्ति गर्न सक्ने उनको भनाइ छ । सङ्घका अध्यक्ष विनोद पोखरेलले ३० प्रतिशत हाराहारी किसान विस्थापित भइसकेको बताए । उनले भने ‘लागत मूल्य पाउन नसके पोल्ट्री व्यवसाय धरासायी हुने अवस्था छ ।’ झण्डै एक वर्ष यता स्वयं व्यवसायीहरुको अग्रसरतामा गरिएको बजारीकरण पछि अण्डाले मूल्य पाएको भन्दै उनले सरकारले लागत मूल्य निर्धारण गरेर सहजीकरण गर्नुपर्ने बताए । धेरै किसान ऋण तिर्न सक्ने अवस्थामा नरहेको उल्लेख गर्दै उनले केही ऋण थपेर उनीहरुलाई पुनः पेसामा फर्किन राज्यले सहयोग गर्नुपर्ने बताए ।

नेपाल अण्डा उत्पादक सङ्घका अध्यक्ष शिवराम केसीले कोभिडको समयपछि एकाएक अण्डाको मूल्य घटेसँगै किसान धरासायी हुँदै गएको बताए । पोल्ट्री क्षेत्रमा दुई खर्ब रुपैयाँभन्दा बढी लगानी भएको भन्दै उनले यसको ४० प्रतिशत हाराहारी लेयर्स कुखुरा पालनमा खर्च भएको बताए । उनले भने ‘कुखुरा बेचेर बाँकीलाई दाना खुवाएर बचाउनुपर्ने अवस्थामा हामी छौँ ।’

नेपाल लेयर्स कुखुरापालक सङ्घका सचिव मदन पोखरेलले १० वर्ष पहिले एउटा क्रेट अण्डाको मूल्य तीन सय रुपैयाँमा बिक्री हुँदै आएको भन्दै अहिलेको मूल्यले लागत धान्न नसक्ने बताए । उनले भने ‘पाँच वर्षअघि दानाको मूल्य प्रतिकिलो ३० रुपैयाँ हुँदा अण्डा प्रतिक्रेट तीन सय रुपैयाँमा बिक्री हुन्थ्यो । अहिले दाना प्रतिकिलो ७० रुपैयाँ पर्दा अण्डाको मूल्य उस्तैउस्तै छ ।’ दैनिक ५० लाख हाराहारी अण्डा उत्पादन हुने गरेकोमा अहिले एकीन तथ्याङ्क नभए पनि ३५ लाख हाराहारी मात्रै उत्पादन हुने गरेको छ । दाना, औषधि, मजदुर, बैंक ब्याज लगायतको खर्च अत्याधिक बढ्दासमेत अण्डाको मूल्य सोही अनुपातमा बढ्न नसकेपछि किसान विस्थापित हुने चरणमा पुगेका छन् ।

# आर्टिफिसियल इन्टेलिजन्स के हो ?

**बिबिसी ।**

तपाईँले आर्टिफिशल इन्टेलिजन्सबारे कति बुझ्नुभएको छ ? विगत छ महिनामा च्याटजीपीटीजस्ता च्याटबट र मिड्जर्नीजस्ता इमेज जेनरेटरहरू अत्यन्त लोकप्रिय भएका छन् । तर आर्टिफिशल इन्टेलिजन्स (एआइ) वा 'मशीन लर्निङ' मोडलहरू विगत केही समयदेखि प्रचलनमै छन् । यो सामग्रीमा हामी च्याटबटबाहेक एआईका अन्य प्रकार र तिनले हाम्रो जीवनमा खेलेका भूमिकाबारे पनि कुरा गर्ने छौँ ।



**एआईले कसरी सिक्छ ?**

मशीन लर्निङको केन्द्रमा प्रशिक्षण को एउटा प्रक्रिया हुन्छ । यसमा कम्प्युटर प्रोग्र्यामलाई ठूलो मात्रामा डेटा र त्यसको प्रयोगसम्बन्धी निर्देशन उपलब्ध गराइन्छ । कहिलेकाहीँ उक्त डेटाको अर्थ के हो भनी अझ विस्तृतमा खुलाउन 'लेबल' गरिन्छ । प्रयोगसम्बन्धी निर्देशन यस्तो हुन सक्छ ः 'अनुहार भएका सबै तस्बिरहरू पत्ता लगाऊ' अथवा 'यी ध्वनिहरूको वर्गीकरण गर ।' त्यसपछि उक्त प्रोग्र्यामले तथ्याङ्कभित्र आफूले पूरा गर्नुपर्ने लक्ष्य प्राप्त गर्न उपयुक्त 'प्याटर्न' अर्थात् ढाँचा खोज्छ । यस क्रममा प्रोग्र्यामलाई थप घच्घच्याउनुपर्ने हुनसक्छ ।

उदाहरणका लागि, तपाईँले 'त्यो अनुहार होइन' वा 'यी दुई ध्वनिहरू छुट्टै हुन्' भनेर बताउनुपर्छ । प्रोग्र्यामले यी तथ्याङ्कबाट सिकेका कुरा र पाएका निर्देशनलाई एआई मोडल भनिन्छ । यसरी प्रशिक्षणमा प्रयुक्त सामग्रीले प्रोग्र्यामको क्षमता परिभाषित गर्छ ।

फरक प्रकारका एआई बनाउने प्रशिक्षण प्रक्रिया बुझ्नका लागि विभिन्न जनावरको उदाहरण प्रयोग गर्न सकिन्छ । विगत लाखौँ वर्षभरि प्राकृतिक वातावरणले जीवजन्तुहरूलाई छुट्टाछुट्टै क्षमता दिएको छ । त्यसैगरी तालिममा प्रयोग गरिने डेटाहरूबीच लाखौँ चक्रमा गुज्रिँदा एआईमा पनि विशिष्ट कार्यक्षमता विकास हुन्छ । त्यसोभए हामीले आजसम्म एआईलाई केकस्तो तालिम दिएका छौँ र केके सीप तथा **क्षमता विकास भएका छन् त ?**

**च्याटबट के हो ?**

च्याटबटलाई एउटा सुगाजस्तै सोच्नुहोस् । यसले आफूले सुनेका शब्दहरूलाई तिनको पूरा अर्थ थाहा नपाईकनै पनि केही हदसम्म सन्दर्भ बुझेर मान्छेको बोलीको अनुकरण गर्दै ती शब्द दोहो¥याउन सक्छ । च्याटबटले पनि त्यही गर्ने हो, तर थप सुझबुझसहित च्याटबटहरू लिखित शब्दसँगको हाम्रो सम्बन्धलाई बदल्ने तहमा पुगेका छन् । तर कसरी लेख्ने भनेर चाहिँ

**च्याटबटहरूलाई कसरी थाहा हुन्छ ?**

यिनीहरू 'लार्ज ल्याङ्विज मोडल' वा एलएलएम भनेर चिनिन्छन् । यस प्रकारको एआईलाई अत्यधिक ठूलो परिमाणको पाठ्य सामग्रीसहित तालिम दिइएको हुन्छ । एलएलएमले शब्द मात्र नभई पूर्ण वाक्य पनि बुझ्छ र एउटा पाठ्यांशमा प्रयुक्त पद तथा पदावलीलाई आफ्नो तथ्याङ्क सङ्ग्रहभित्रको अन्य पाठ्यांशसँग तुलना गर्छ ।

अर्बौं पटक यस्तो तुलना गर्दा यसले प्रश्न पढ्न र उत्तर लेख्न सक्छ । च्याटबट पनि तपाईँको फोनमा तपाईँको आशय सुहाउँदो वैकल्पिक उत्तर लेखिदिने सुविधा (प्रिडिक्टिभ टेक्स्ट मेसिजिङ) जस्तै नै हो, तर यसले बृहत् तहमा काम गर्छ । 'लार्ज ल्याङ्विज मोडल'को सबैभन्दा गज्जबको कुरा भनेको तिनले मानव सहायताबिनै व्याकरण सिक्न र शब्दको अर्थ पहिल्याउन सक्छन् ।

**के एआईले चित्र पनि बुझ्छ ?**

के तपाईँको फोनले कहिल्यै तपाईँका तस्बिरलाई कुनै फोल्डरमा सङ्कलन गरी 'समुद्री किनारमा' वा 'नाइट्स आउट' भनेर नाम दिएको छ ? यदि छ भने तपाईँले थाहा नपाईकनै एआईको प्रयोग गरिसक्नुभएको छ । एआईको नियम वा एल्गरिदमले तपाईँको तस्बिरमा भएका प्याटर्नहरू खुट्ट्याई तपाईँका लागि तिनलाई विभिन्न वर्गमा राखिदिएको हो । सामान्य विवरणसहित राखिएका तस्बिरहरूका थानैथान हेर्न लगाएर यस्ता प्रोग्र्यामहरूलाई तालिम दिइएको छ । यदि तपाईँले तस्बिर चिन्ने एआईलाई 'साइकल' नाम दिएर पर्याप्त तस्बिरहरू दिनुभयो भने यसले साइकल कस्तो देखिने रहेछ अनि डुङ्गा वा कारभन्दा यो कसरी फरक हुने रहेछ भनेर बुझ्न थाल्छ ।

कहिलेकाहीँ एआईलाई उस्तै देखिने तस्बिरहरूबीचको सूक्ष्म भिन्नता खुट्ट्याउन तालिम दिइएको हुनसक्छ । 'फेशल रेकग्निशन' अर्थात् अनुहार चिन्ने प्रविधिले यसरी नै काम गर्ने हो । यसले तपाईँको अनुहारका विशेषताहरूबीचको सूक्ष्म सम्बन्ध पत्ता लगाई तपाईँको अनुहार यस संसारमा रहेका अरूको भन्दा कसरी फरक छ भन्ने थाहा पाउँछ । चिकित्सकीय प्रयोजनका लागि हुने स्क्यानहरूमा जीवन जोखिममा पार्ने ट्यूमर चिन्नका लागि पनि यस्तै एल्गरिदमलाई प्रशिक्षित गरिएको हुन्छ । एउटा बिरामीको अध्ययन गर्न एक परामर्शदाता चिकित्सकलाई लाग्ने समयमा यस्तो प्रणालीले हजारौँ बिरामीको स्क्यान गरिदिन सक्छ ।

**एआईले नयाँ चित्र कसरी बनाउँछ ?**

हालसालै चित्र चिन्ने क्षमता वा 'इमेज रेकग्निशन'लाई छेपाराको जस्तो स्वरूप र रङ्ग फेर्ने क्षमता भएका एआई मोडलमा ढालिएको छ । यस्तो एआईले सङ्कलन गरेका लाखौँ तस्बिर तथा चित्रहरूका जटिल स्वरूप तथा प्याटर्न (संरचना) लाई पूर्णतः नयाँ तस्बिरमा विकास गर्न सक्छन् । त्यसैले तपाईँले एआईलाई मङ्गल ग्रहको सतहमा मानिस हिँडेको जस्तो आजसम्म नभएको घटनाको पनि तस्बिर बनाउन लगाउन सक्नुहुन्छ । अथवा तपाईँ अझ सिर्जनात्मक तरिकाले तस्बिरको शैलीका लागि निर्देशन दिन सक्नुहुन्छः 'पिकासोको शैलीमा बनाइएको इङ्ग्ल्यान्ड फुटबल प्रशिक्षकको चित्र बनाइदेऊ ।'

एआईका सबैभन्दा पछिल्लो संस्करणहरूले यस्तो नयाँ चित्र बनाउनका लागि कुनै नियमबिना छानिएका पिक्सल अर्थात् रङ्गीन टुक्राहरूको प्रयोग गर्छ ।

तालिमका क्रममा आफूले सिकेको ढाँचाबारे बुझ्नका लागि यसले कुनै नियमबिना छानिएका बिन्दुहरूलाई पनि हेर्छ । यी बिन्दुहरूमाथि थप तहहरू जोडिन्छन् र क्रमशः विकसित गरिन्छन् । बिस्तारै प्रयोग नहुने अन्य बिन्दुहरूलाई हटाइन्छ । आफूले खोजेजस्तो चित्र नबनेसम्म यो क्रम जारी रहन्छ । 'मङ्गल ग्रहको सतह', 'अन्तरिक्षयात्री' र 'हिँडाइ' लगायत आवश्यक अवयवहरूको ढाँचा विकसित गरेपछि नयाँ चित्र बनिहाल्यो ।

बिनानियम छानिएका पिक्सलहरूको तहबाट नयाँ चित्र विकसित भएको हुनाले आजसम्म कहिल्यै अस्तित्वमा नरहे जस्तो नतिजा देखिन्छ । तर पनि यो चित्र तालिमका क्रममा एआईले प्रयोग गरेका मौलिक चित्रहरूका अर्बौं ढाँचा र स्वरूपमा आधारित हुन्छ । तर समाज आज वास्तविक कलाकार, डिजाइनर तथा फोटोग्राफरले मेहनत गरी बनाएका कलात्सामक मग्रीको प्रतिलिपि अधिकार र तिनमा आधारित भई हुने सिर्जनाको नैतिकताका विषयमा सङ्घर्षरत छ ।

**एआई सबै थोक गर्न सक्षम होला ?**

यसमध्ये केही सीपहरू एउटै मिश्रित मोडलमा संयोजन गर्न सम्भव हुन्छ ? एआईमा भएको सबैभन्दा पछिल्लो प्रगतिले ठ्याक्कै यही गर्छ । यसलाई मल्टिमोडल एआई भनिन्छ र यसले एउटा मोडललाई तस्बिर, शब्द, श्रव्य र दृश्यजस्ता भिन्न प्रकारका डेटामा पहुँच दिन्छ र तिनीहरूबीचका नयाँ प्याटर्न पत्ता लगाउन सहयोग गर्छ ।

यो मल्टिमोडल शैलीलाई च्याटजीपीटीले आफ्नो क्षमतामा ठूलो फड्को मार्नुको एउटा कारण मानिन्छ । च्याटजीपीटीको मोडल जीपीटी ३.५ मा स्तरोन्नति हुँदा यसलाई शब्दहरूका लागि मात्रै प्रशिक्षित गरिएकोमा जीपीटी ४ मा भएको स्तरोन्नतिमा तस्बिरहरूका लागि पनि प्रशिक्षित गरियो ।

एउटै एआई मोडलबाट कुनै पनि प्रकारका तथ्याङ्क प्रशोधन गरेर भाषाहरूको उल्थादेखि नयाँ औषधिको डिजाइन गर्नेसम्मका कुनै पनि प्रकारका काम गर्न सक्ने उपायलाई आर्टिफिशल जेनरल इन्टेलिजन्स वा एजीआई भनेर चिनिन्छ । कतिपयका लागि यो आर्टिफिशल इन्टेलिजन्स खोजको अन्तिम लक्ष्य हो । अरूका लागि विज्ञानकथाले परिकल्पना गरेको नारकीय संसारको मार्ग नै त्यही हो, जहाँ हामीले हाम्रो समझ नै हाम्रो नियन्त्रणभन्दा बाहिर गइसकेको हुनेछ ।

**एआईलाई कसरी प्रशिक्षित गरिन्छ ?**

केही समयअघिसम्म अधिकांश एआईलाई प्रशिक्षण गर्ने मुख्य प्रक्रियालाई 'सुपरभाइज्ड लर्निङ' भनिन्थ्यो । प्रशिक्षणमा प्रयुक्त डेटासेटहरूलाई मानिसहरूले नै लेबल दिएका थिए र एआईलाई डेटामा निहित प्याटर्नहरू पत्ता लगाउन भनिएको थियो । त्यसपछि एआईलाई ती प्याटर्नहरू नयाँ डेटामा प्रयोग गर्न र त्यसको सटीकताबारे प्रतिक्रिया दिन लगाइएको थियो ।

# व्यायामशालाको छाना भत्किँदा ११ जनाको मृत्यु



**एएफपी**
**बेइजिङ ।**

उत्तरपूर्वी चीनमा एक विद्यालयको व्यायामशालाको लागि बनाइएको हलको छाना भत्किँदा ११ जनाको मृत्यु भएको चीनको सरकारी सञ्चारमाध्यमले सोमबार जानकारी दिएका छन् । हेइलोङजियाङ प्रान्तको किकिहारमा निर्माण कर्मीहरूले भवनको छतमा पानी जम्मा गर्न अवैधरूपमा संरचना बनाएको र अत्यधिक भारका कारण उक्त भवन भत्किएको सरकारी समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

सरकारी सञ्चारमाध्यमका अनुसार सरकारी प्रसारक सिसिटिभीले प्रसारण गरेको फुटेजमा कङ्क्रिटको स्ल्याबबाट बनेको छाना पूरै ढलेको देखिएको छ । उद्धारकर्मीहरूले पीडितहरूसम्म पुग्नका लागि कङ्क्रिट र घुमाउरो धातुको ठूलो टुक्राहरू तोडेको फुटेजले देखाएको छ । 'दुर्घटनामा परी ११ जनाको मृत्यु भएको छ,' सरकारी प्रसारक सिसिटिभीले जनाएको छ । दुर्घटनाको गहन अनुसन्धान भइरहेको र निर्माण कम्पनीका प्रमुखलाई प्रहरी हिरासतमा राखिएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् । सिन्ह्वाका अनुसार ३४ नम्बर को मिडिल स्कुलको जिम आइतबार दिउँसो ३ बजेतिर ढलेको थियो । स्थानीय पत्रिका हेइलोङजियाङ डेलीका अनुसार दुर्घटना हुँदा १९ जना जिममा थिए । चार जनालाई भग्नावशेषबाट बाहिर निकालिएको र अन्य चार जनाले दुर्घटनापछि भागेर ज्यान बचाउँन सफल भएका छन् । करिब १६० अग्निनियन्त्रक र ३९ वटा फायर ट्रकको खोजी तथा उद्धार कार्य सम्पन्न भएको सीसीटीभीले जनाएको छ । नाम नखुलाइएको एक स्रोतले सरकारी स्वामित्वको चोङकिङ न्युजलाई बताएअनुसार छानामा थुप्रिएका सामग्रीको बारेमा भत्किनुअघि नै चिन्ता व्यक्त गरिएको थियो ।

'व्यायामशाला २० वर्षभन्दा पहिले निर्माण गरिएको थियो र धेरै ठाउँ लामो समयदेखि जीर्ण अवस्थामा पुगेको थियो,' स्रोतलाई उद्धृत गर्दै रोयटर्सले जनाएको छ । रोयटर्सले भनेको छ, 'छतमा थुप्रिएका सबै सामानले केही न केही होला कि भनेर सबै चिन्तित थिए ।' गत महिना चीनको उत्तरपश्चिमी क्षेत्रमा रहेको बारबेक्यू रेस्टुरेन्टमा भएको विस्फोटमा ३१ जनाको मृत्यु भएको थियो भने कार्यस्थलको सुरक्षाका लागि राष्ट्रव्यापी अभियान सञ्चालन गर्ने औपचारिक प्रतिबद्धता व्यक्त गरिएको थियो ।

# डुंगा डुब्दा १५ जनाको निधन



**सिन्ह्वा**
**इन्डोनेसिया ।**

इन्डोनेसियाको सुलावेसी टापुको तटीय क्षेत्रमा सोमबार एउटा काठको डुङ्गा डुब्दा कम्तीमा १५ जनाको मृत्यु भएको खोजी तथा उद्धार अधिकारीहरूले बताएका छन् । इन्डोनेसियाको खोज तथा उद्धार एजेन्सीको स्थानीय कार्यालयले एक विज्ञप्ति जारी गर्दै मध्यरात स्थानीय समयानुसार आइतबार ५ः०० बजे डुङ्गामा ४८ जना यात्रा गरिरहेका जनाएको छ ।

उक्त घटनामा घाइते अवस्थामा उद्धार गरिएका छ जनालाई उपचारका लागि अस्पताल लगिएको छ भने डुङ्गा डुब्नुको कारणबारे अनुसन्धान भइरहेको जनाइएको छ । दक्षिणपूर्वी सुलावेसीको केन्डारी शहरमा स्थानीय खोज तथा उद्धार एजेन्सीका प्रमुख मोहम्मद अराफाले अन्य २७ जना यात्रुको खोजी भइरहेको र मृतक सबैको सनाखत भइसकेको बताएका छन् । एजेन्सीले यसअघि १९ जना हराइरहेको बताएको थियो तर अराफाले खोजी कार्य अब 'समाप्त भएको' बताएका छन् ।

स्थानीय उद्धार कार्यालयका प्रवक्ता वाह्युदिनका अनुसार डुङ्गा मुना टापुको 'सेन्ट्रल बुटन रिजेन्सी'को लान्टो र लगिली गाउँको बीचमा रहेको खाडी पार गरिरहेको थियो । वाह्युदिनले डुङ्गामा अत्यधिक भार भएको स्थानीय सञ्चारमाध्यममा आएको समाचारको पुष्टि नभएको बताएका छन् । इन्डोनेसियाली सञ्चार माध्यमका अनुसार गाउँलेहरू स्थानीय उत्सव मनाउन डुङ्गामा चढी यात्रारत थिए ।

सन् २०१८ मा सुमात्रा टापुमा रहेको विश्वको सबैभन्दा गहिरो तालमा डुङ्गा डुब्दा १५० जनाभन्दा बढीको मृत्यु भएको थियो । गत वर्षको मे महिनामा पूर्वी नुसा तेङ्गारा प्रान्तमा ८०० भन्दा बढी मानिस बोकेको एउटा डुङ्गा पानीमा डुबेको थियो र दुई दिनसम्म अड्केको थियो । उक्त दुर्घटनामा कोही पनि हताहत भएका थिएनन् ।

# गौरिकाको नयाँ राष्ट्रिय कीर्तिमान

**मधेशदृष्टि**
**काठमाडौं ।**

जापानको फुकुओकामा आयोजना भइरहेको २० औं वर्ल्ड एक्वाटिक च्याम्पियनसिप २०२३ मा नेपाली पौडी खेलाडी गौरिका सिंहले नयाँ राष्ट्रिय कीर्तिमामन बनाएकी छन् । १३ औं सागकी ४ स्वर्ण पदकधारी गौरिकाले १०० मिटर ब्याक स्ट्रोकमा १ मिनेट ६.८० सेकेन्ड समयमा दूरी पूरा गर्दै आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमानमा सुधार गरेकी नेपाल पौडी संघका अध्यक्ष अशोक बज्राचार्यले जानकारी गराएका छन् । गौरिकाको यसअघिको भारतको गुवाहटीमा आयोजना भएको १२ औं दक्षिण एशियाली खेलकुदमा १ मिनेट ७.३१ सेकेन्ड समयको रेकर्ड बनाएकी थिइन् । नेपाली पौडीबाज नासिरले भने लगातार दोस्रो दिन नयाँ कीर्तिमान बनाए । नासिरले सोमबार २०० मिटर फ्रिस्टाइलमा आफ्नै नाममा रहेको १ मिनेट ५८.२३ सेकेन्डको राष्ट्रिय कीर्तिमानमा सुधार गर्दै १ मिनेट ५७.२६ सेकेन्ड समयका नयाँ राष्ट्रिय कीर्तिमान बनाएका हुन् ।

यस अघि नासिरले आइतबार ४०० मिटर फ्रिस्टायलमा पनि आफ्नै नामको कीर्तिमान सुधार गर्दै नयाँ कीर्तिमान बनाएका थिए । अर्की खेलाडी डुवाना लामाले मंगलबार २०० मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्ने टोली व्यवस्थापक नरेश बैद्यले जानकारी गराएका छन् । विश्व पौडी महासंघले आफ्नो नाम फिनालाई परिवर्तन गर्दै वर्ल्ड एक्वाटिक्सको नामाकरण गरेको छ ।

# मछिन्द्रले अनुबन्ध गर्यो ८ खेलाडी




**मधेशदृष्टि**
**काठमाडौं ।**

एएफसी कप छनोटका लागि मछिन्द्र एफसीले ८ जना नयाँ खेलाडी अनुबन्ध गरेको छ । एएफसी कप क्वालिफार्यसमा मछिन्द्र एफसीले भुटानको पारो एफसीसँग ८ अगस्टमा खेल्दै छ । त्यो खेलका लागि ८ जना खेलाडी अनुबन्ध गरेको मछिन्द्र क्लबका म्यानेजर अनिल श्रेष्ठले जानकारी दिए ।

नयाँ खेलाडीको रुपमा आशिष चौधरी (चर्च ब्वाइज), आयुष घलान (संकटा), एरिक विष्ट (संकटा), लखेन लिम्बू (थ्रीस्टार), मेसुके ओलमोउ (खुमलटार), सनिष श्रेष्ठ (एपीएफ), रेजिन सुब्बा (खुमलटार) र रोहित सुब्बा (खुमलटार) छन् । यी खेलाडीहरुलाई एएफसीकै लागि मात्रै अनुबन्ध गरिएको क्लबले जनाएको छ । अन्य खेलाडीले भने ए डिभिजन खेलेका खेलाडी नै छन् । जसमा विशाल श्रेष्ठ, अभिषेक गुरुङ ,अफिज ओलावाले, आन्द्रेस निया, विजय भुजेल, विमल घर्ती मगर, देवेन्द्र तामाङ, दिवाकर चौधरी, करिम, सौरभ लिम्बू, छिरिङ गुरुङ ,उत्सव राई, प्रदिप भण्डारी, दिपेश घले र सुरज विक छन् ।

एएफसी कप छनोटमा प्रशिक्षकको रुपमा किशोर केसीले नै जिम्मेवारी सम्हाल्ने श्रेष्ठले बताए । डिफेन्डिङ च्याम्पियन मछिन्द्रले लिगको उपाधि रक्षा गर्न सकेको थिएन । तर लिग विजेता चर्च ब्वाइज युनाइटेडसँग एफसी लाइसेन्स नहुँदा यस पटक मछिन्द्रले एएफसी कप क्वालिफर्यस खेल्ने मौका पाएको हो । एएफसी कप क्वालिफार्यसमा मछिन्द्र एफसी र पारो एफसीबीचको खेल कान्तिपुर टेलिभिजनमा प्रसारण हुने भएको छ । माउन्टन एभरेस्ट स्पोर्टस् इभेन्ट प्रालिले यसखेलको लागि टिकटिङ अधिकार खरिद गरेको छ । खेलमा साधारणतर्फ २०० र भीआईपीतर्फ ५०० रुपैयाँ टिकटदर रहेको जानकारी दिइएको छ । तर आधिकारिक रुपमा टिकटिङ र ब्रोडकास्टिङको सम्झौता रकम खुलाउन नचाहेको क्लबले बतायो ।

# नेपालको पहिलो खेल बंगलादेशसँग

**मधेशदृष्टि**
**काठमाडौं ।**

आगामी सेप्टेम्बर १ देखि १० सम्म भुटानमा आयोजना हुने साफ यू–१६ च्याम्पियनसिपमा नेपालले पहिलो खेल बंगलादेशसँग खेल्ने भएको छ । अखिल नेपाल फुटबल संघ एन्फाले सोमबार जारी गरेको खेल तालिका अनुसार समूह ए मा रहेको नेपालले पहिलो खेल बंगलादेशसँग सेप्टेम्बर ३ मा खेल्नेछ ।

खेल थिम्पुस्थित चाङलिमिथाङ स्टेडियममा हुनेछ । यस्तै नेपालले समूहको अर्को खेल भारतसँग सेप्टेम्बर ५ मा खेल्नेछ । भुटान, माल्दिभ्स र पाकिस्तान समूह बी मा छन् । दुवै समूहको शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन् । दुवै सेमिफाइनल खेल सेप्टेम्बर ७ र फाइनल खेल सेप्टेम्बर १० मा हुनेछ । अहिलेसम्म साफ यू–१६ च्याम्पियनसिसप ७ पटक हुँदा नेपालले उपाधि जित्न सकेको छैन । चार पटक फाइनल पुगेको भारत चारै पटक भारतसँग पराजित हुँदै उपविजेता बनेको थियो ।

नेपाल एक पटक तेस्रो र एक पटक चौथो भएको थियो । एक पटक भने नेपाल संयुक्त रुपमा तेस्रो भएको थियो । गत वर्ष श्रीलंकामा भएको च्याम्पियनसिपमा नेपाल फाइनलमा भारतसँग ४–० ले पराजित हुँदै उपविजेता बनेको थियो ।

# गोलाबारुद भण्डारमा आक्रमण



**सिन्ह्वा**
**मस्को ।**

युक्रेनी ड्रोन आक्रमणमा रूसको कब्जामा रहेको क्रिमियास्थित गोलाबारुद डिपोमा आक्रमण भएको युक्रेनका गभर्नरले सोमबार बताएका छन् । 'क्रिमियाको आकाशमा ११ वटा मानवरहित विमान (युएभी) लाई युक्रेनी वायु सेनाले गोली हानेर खसालेको छ, साथै युक्रेनी प्रतिरक्षा बलले उक्त क्षेत्रलाई नियमित निगरानीमा राखेको छ,' सर्गेई अक्स्योनोभले टेलिग्राममा भनेका छन् ।

आक्रमण झान्कोय जिल्लाको गोलाबारुद डिपोमा भएको थियो । उनले आक्रमणबाट भएको क्षतिबारे विस्तृत विवरण भने दिएनन् ।

उनले आक्रमणका कारण क्रिमियाको किरोभस्की जिल्लामा एक निजी घरमा क्षति पुगेको र आपतकालीन सेवा घटनास्थलमा रहेको बताए । सन् २०१४ मा रूसले कब्जा गरेको क्रिमियालाई मस्कोको युक्रेन आक्रमणको क्रममा कीभले निशाना बनाएको थियो तर पछिल्ला हप्ताहरूमा यो आक्रमण अझ तीव्र र बढ्दो अवस्थामा रहेको युक्रेनी अधिकारीले बताएका छन् । कीभले क्रिमियालाई फिर्ता लिने योजना रहेको बताउँदै आएको छ ।

# लाखौँ मूल्यका भन्सार चोरी निकासीका सामान बरामद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले लाखौ मुल्य बराबरका अवैध भन्सार चोरी निकासीका सामान बरामद गरेको छ । भारतबाट भन्सार छली चोरी पैठारी गरि ल्याएका ६ लाख ४६ हजार ९ सय ७० रुपैया बराबरको लताकपडा लगायतका समाग्री पक्राउ गरिएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको टोलीले जिल्लाका विभिन्न स्थानहरुमा भारतबाट भन्सार छली गरि ल्याएका विभिन्न किसीमका किराना समाग्री,लत्ताकपडा लगायत दुइ थान मोटरसाईकल पक्राउ गरेको छ । पक्राउ गरेको सामानहरु सोमबार आवश्यक कारवाहीका लागि भन्सार कार्यालय जनकपुरधाममा पठाइएको धनुषा प्रहरीले जनाएको छ ।

# भाडामा भैँसी ल्याएर अनुदानको भन्दै वितरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भाडामा भैंसी ल्याएर अनुदानको भन्दै किसानलाई वितरण गरेका सहकारीलाई काराबाही हुने भएको छ । औरही गाँउपालिकाले सकारीलाई कानुन बमोजिम कारबाही गर्ने र भुक्तानी रोक्ने निर्णय गरेको छ ।
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत गाई÷भैँसी साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमका लागि खजनपुर सहकारी संस्थालाई गाउँपालिकाले छनोट गरेको थियो । उक्त कार्यक्रमका लागि २५ लाख बजेट थियो । जसमा १५ लाख भैंसी वितरण र १० लाख औषधि, च्याप कटर, दूध राख्ने भाँडो, घाँसको बीउ वितरणका लागि छुट्याइएको थियो । वितरण गर्ने भैंसी उन्नत जातको १ लाख ५० हजार बराबरको हुनुपर्ने र कुल रकमको ५० प्रतिशत किसानले व्यहोर्ने सम्झौता गाउँपालिका र सहकारीबीच भएको थियो । तर कार्यक्रम गर्दा उन्नत जातको २० थान भैँसी वितरण गर्नुपर्नेमा व्यापारीबाट ३ हजारका दरले भाडामा ल्याएको १७ थान लोकल भैंसी मात्र १७ किसानलाई बाँडेर



उक्त सहकारीले गाउँपालिकाबाट भुक्तानी लिन खोजेको थियो । भाडाको भैंसी किसानलाई बाँडेको र पुनः फिर्ता लिएको आरोप लागेपछि गाउँपालिकाले छानविन समिति समेत बनाएको थियो ।
औरही गाउँपालिकाका अध्यक्ष शिवजी यादवले वडा नम्वर ४ स्थित खजनपुर सहकारी संस्थालाई कारबाही गर्ने निर्णय गरेको बताए । उनले भने, 'आइतबार बसेको कार्यपालिका बैठकले भैंसी वितरणमा अनियमितता गरेकाले उक्त सहकारीलाई भुक्तानी नदिने र ब्लाक लिस्टमा राख्ने निर्णय गरेका छौँ ।'छानविन समितिले समेत सहकारीले भाडाको लोकल भैँसी किसानलाई वितरण गरेको र किसानबाट पुनः फिर्ता लिई अनुदानको दुरुपयोग गर्न खोजेको ठहर गर्दै कानून बमोजिम कारबाही र भुक्तानी नगर्न सुझाव दिएको आधारमा कार्यपालिका बैठकले निर्णय लिएको गाउँपालिका अध्यक्ष यादवले जानकारी दिए ।

# चित्रकार साहद्वारा बालबालिकालाई शैक्षिक सामग्रीसहित झोला वितरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालका सुप्रसिद्ध मिथिला चित्रकला कलाकारका रुपमा परिचित अजित साहले आफ्नो जन्मदिन बालिबालिकालाई झोला वितरण गरी मनाएका छन् ।
आफ्नो जिन्मदिनको अवसर पारेर उनले युवाहरु मार्फत जनकपुरको दुधमती स्थित समामुदायिक विद्यालयमा अध्ययनरत्त विपन्न समुदायका २२ बालबालिकालाई शैक्षिक सामग्री तथा झोला वितरण गरेका हुन् ।
शिक्षामा प्रोत्साहन गर्ने उद्देश्यले जन्मदिनमा झोला तथा शैक्षिक सामग्री वितरण गरेको साहले बताए । उनले युवाहरु अशोक साह, ईन्द्रजीत महतो, आनन्द सहनी लगायतको समन्वय गरी झोला बाँडेका हुन् ।
जनकपुरधाम घर भएका साह हाल अमेरिका बस्छन् । तीन दशकदेखि मिथिला चित्रकलाको काम गर्दै आएका उनी राष्ट्रिय तथा अन्तराष्ट्रिय विभिन्न पदक तथा सम्मान प्राप्त गरेका छन् ।

# दलित बजेट खर्च गर्न नसक्नु हाम्रो नालायाकी हो: शिक्षा सचिव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको शिक्षा तथा समाज कल्याण मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराईले दलितका लागि छुट्याएको बजेटसमेत उनीहरूका लागि खर्च नसक्नु आफूहरूकै नालायकी भएको स्वीकार गरेका छन् । मधेस प्रदेशको दलित विकास समिति गठन गर्दा उपाध्यक्षको सेवा÷सुविधा तोकियो तर ४ जना सदस्यको तोकिएन भन्दै उनले अन्य यस्तै समितिको तुलनामा दलित समितिलाई भने अन्याय भएको पनि बताए । हामी सबै पूर्वी अफ्रिकाको पुच्छर नभएको बाँदरका पुर्खा भएकाले को दलित को नदलित, सबै एकै हौँ भन्दै उनले हाम्रो भाषा परिवारसमेत एउटै भएकाले छूत र अछूत भन्ने कुरा शासक वर्गले सिर्जना गरेका भ्रममात्र भएको पनि उल्लेख गरे र यसलाई चिर्न सबै लाग्नुपर्ने धारणा पनि व्यक्त गरे ।
दलित अधिकार मञ्च, नेपालले जनकपुरधाममा आयोजना गरेको 'दलित अधिकारः सबैको सरोकार' विषयमा केन्द्रित भइ विभिन्न विषयमा चलाइएको ३ दिने कार्यक्रमको अन्तिम दिन आयोजित 'मधेश प्रदेशमा दलित शिक्षाः दलित सशक्तीकरण ऐन २०७६ कार्यान्वयनको चुनौती र अबको रणनीति' विषयक सत्रमा उनले यस्तो धारणा राखेका हुन् ।
राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले ऐन बनाउँदैमा त्यसैले काम गर्ने हैन भन्दै त्यसलाई प्रभावकारी तुल्याउन हाम्रै भूमिका सक्रिय हुनुपर्ने बताएका थिए ।
मधेश प्रदेश सरकारले दलित सशक्तीकरण ऐन र त्यसअन्तर्गत दलित विकास समिति बनाउनु ऐतिहासिक काम भएको भन्दै अध्यक्ष विश्वकर्माले समितिको काम भने प्रभावकारी हुन नसकेको गुनासो पनि गरे । राष्ट्रिय दलित आयोग देशभर क्रियाशील छ, उसको बजेट मात्र ३ करोड छ तर ८ जिल्ला मात्र कार्यक्षेत्र भएको मधेस प्रदेशको दलित विकास समितिको बजेट १२ करोड हुनु ठूलो उपलब्धि भएको तर यसअनुसार काम भने हुनै नसकेकामा उनले चिन्ता व्यक्त गरे ।
मधेश प्रदेशको दलित विकास समितिका उपाध्यक्ष रामप्रवेश बैठाले दलित सशक्तीकरण ऐन प्रदेशको प्रशंसनीय काम हो तर यसलाई हात्तीको देखाउने र खाने दाँत बनाइयो भन्दै समितिलाई केही अधिकारै नदिइएको गुनासो गरे ।
मैले समितिले केही गर्नै सकेन भनेर धेरै आलोचना खेपेँ तर बजेट विनियोजनबारे समेत मलाई एक शब्द सोधिन्न भन्दै उनले थपे– 'सदस्यसचिवको मनोमानीका कारण समिति सक्रिय हुन सकेन । यसपालि मात्र समितिको ३ करोड रकमान्तर भयो जबकि पहिलेदेखि नै कार्यान्वयन गर्न भनेको तर मान्दै मान्दैन ।' आफूसँग टिप्पणी सदर गर्ने अधिकारसमेत नभएको भन्दै उनले यो निरीह समितिबारे दरिलो आवाज उठाउन सहभागीसँग अनुरोध पनि गरे ।
कार्यक्रम आयोजक संस्था दलित सरोकार मञ्च, नेपालका अध्यक्ष भोला पासवानले संविधान जतिसुकै प्रगतिशील बनाए पनि कार्यान्वयनकर्ता गतिलो भएन भने त्यसले काम नगर्ने बताए । दलित सशक्तीकरण ऐन पनि गतिलो भएको तर कार्यान्वयनकर्तामा समस्या रहेको उनले उल्लेख गरे ।
उनको भनाइ थियो– दलित विकास समितिमा केही समस्या रहे पनि यहाँका क्रियाशील दलित भातृ सङ्गठनका पदाधिकारीसँग र दलित अधिकारका लागि कार्यरत सङ्घ÷संस्थासँग समन्वयमा भने कमजोरी देखिन्छ । समितिलाई दलितमाथि भएको अत्याचारविरुद्ध एउटा विज्ञप्ति निकाल्नसमेत किन गाह्रो पर्यो भन्ने आफूले बुझ्न नसकेको भनाइ पनि उनको थियो ।
समाजवादी मुक्ति सङ्गठनका अध्यक्ष रामु महराले दलित सशक्तीकरण ऐन मधेस सरकारको सबै भन्दा महत्वपूर्ण काममध्ये पर्ने भन्दै बजेट पनि कर्मचारीतन्त्रको लापरबाहीका कारण खर्च हुन नसकेको बताए । उनका अनुसार दलित विकास समितिका नेताहरूलाई निरीह बनाइएको छ, मन्त्री फेरबदल भइरहने भएकाले पनि समस्या छ । यसैगरी दलित कार्यपालिका सदस्यहरूको सञ्जाल पर्साकी अध्यक्ष सजिना बिकले आफ्नो अग्रसरतामा जातीय विभेद अनुगमन समिति बनाएको र यो जिल्लामै पहिलो भएको उल्लेख गरिन् । तर यसको काम, कर्तव्य र अधिकारबारे अझै पनि प्रष्टता नभएको उनको भनाइ थियो ।
समाजवादी प्रेस सङ्गठनका वृजलाल पासवानले कानुनको पालना एकदमै फितलो भएकाले पनि दलित समुदायका समस्या समाधान हुन अप्ठेरो भएको बताए । उनको भनाइ थियो– निरन्तर र आपसी छलफल, अन्तरक्रिया बढाउँदा समस्या समाधानका लागि सहज हुन्छ ।
यो कार्यक्रममा अधिवक्ता रक्षाराम हरिजनले 'निर्वाचनसम्बन्धी प्रस्तावित कानुन र मधेसी दलित' विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए भने भोला पासवानले जनगणनाहरू र दलितको घट्दो संख्या विषयमा प्रस्तुतीकरण गरेका थिए ।
सम्मेलनका अवसरमा टीकाराम विश्वकर्माको अध्यक्षतामा १९ सदस्यीय दलित कार्यपालिका सदस्यहरूको मधेस प्रदेशस्तरीय समिति गठन गरिएको छ भने दलित भातृ सङ्गठनहरूको पनि प्रदेशस्तरीय समिति रामु महराको अध्यक्षतामा गठन भएको छ । पछिल्लो समितिको अध्यक्षता ६÷६ महिनामा पालोफेरो गरिने सहमति पनि भएको छ । यी समितिले दलित अधिकारका लागि आवश्यक सबै गतिविधिको पहलकदमी लिने र दलित सशक्तीकरण ऐनले गरेको व्यवस्था कार्यान्वयनका लागि अग्रणी भूमिका निर्वाह गर्ने निर्णय गरेका छन् ।

# ढल्केबरमा रेकर्डिङ स्टुडियो सञ्चालन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मिथिला नगरपालिकाको ढल्केवरमा रेकडिङ्ग स्टुडियो सञ्चालनमा आएको छ । अपन मिडिया प्रोडक्सन हाउसले सोमबार अत्याधुनिक प्रविधिको रेकडिङ्ग स्टुडियो सञ्चालनमा ल्याएको हो । नगर प्रमुख महेन्द्र महतो र उपप्रमुख सुनिता सिंह बुढाथोकीले संयुक्तरुपमा उक्त स्टुडियोको उद्घाटन गरेका थिए । स्टुडियो उद्घाटन गर्दै नगर प्रमुख महतोले भाषा संस्कृतिको विकास तथा संरक्षण गर्नका लागि रेकडिङ्ग स्टुडियोको निकै ठूलो महत्वपूर्ण भूमिका रहने बताए । उनले स्टुडियो स्थापनाले परम्परागत तथा लोक गीत संगीत संरक्षण सम्वद्र्धनका साथै नयाँ नयाँ प्रतिभाहरुले आफ्नै गाउँ ठाउँमा अवसर पाउने आशा व्यक्त गरे । उपप्रमुख बुढाथोकीले स्टुडियो सञ्चालनमा आउनु सुखद् भएको बताउँदै स्टुडियोबाट समाजिक चेतना अभिवृद्धि गर्ने किसिमका सामाग्रीहरुको उत्पादन गर्न सञ्चालक समूहलाई सुझाव दिए ।
उनले आधुनिक प्रविधियुक्त स्टुडियोले स्थानीय कलाकारहरुको हौसला बढाउनुका साथै स्थानीय भाषा संस्कृतिको संरक्षण, सम्वद्र्धन र विकासमा विशेष टेवा पुग्ने बताए । रेकडिङ्ग स्टुडियोे सञ्चालनमा आएपछि रेकडिङ्गका लागि काठमाण्डौ, पटना तथा दिल्ली जानु पर्ने बाँध्यतामा हटने विश्वास गरिएको छ ।

# मंगलम्मा २० प्रतिशतसम्म छुट

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महालक्ष्मी विकास बैंकमा खाता भए मंगलम् डाईगनोस्टिक सेन्टरको ल्याबमा २० प्रतिशतसम्म छुट हुने भएको छ ।
मुलुकभर १ सय ३ वटा भन्दा बढी शाखा सन्जाल भएको राष्ट्रिय स्तरको बिकास बैंकले आफ्नो कार्ड होल्डर ग्राहकहरुको लागि यो व्यवस्था गरेको छ । बैंकका कार्ड होल्डर ग्राहकलाई प्याथोलोजी टेस्टको सम्पूर्ण शुल्कमा १० प्रतिशत र बैंकका कर्मचारीलाई २० प्रतिशत छुट हुने जनाईएको छ ।
बैंक र मंगलम् डाईगनोष्टिक सेन्टरले एक कार्यक्रमबीच यस विषयमा व्यवसायिक सम्झौता गरेको छ । सेन्टरले वीरगंजस्थित शाखा कार्यालयमा उक्त सम्झौता गरेको छ । उक्त सम्झौतामा बैंकको तर्फबाट वीरगंज शाखाका प्रमुख पुरुषोतम अधिकारी र मंगलम डाईग्रेस्टिक सेन्टर प्रा. लि.को तर्फबाट अध्यक्ष डा.अमरनाथ ठाकुर सम्झौतामा हस्ताक्षर गरेको थिाये ।
महालक्ष्मी बिकास बैंक लि.का मधेस प्रदेशका प्रमुख सुदिपचन्द्र पोखरेलको विशेष उपस्थितिमा सभ्झौता भएको थियो । मंगलम डाईग्नोस्टिक सेन्टरले आफ्नो सेवा वीरगंज बाहेक जनकपुरधाम र सिमरामा पनि बिस्तार गरेकोले महालक्ष्मी बिकास बैंकमा कारोबार गरिरहेका ग्राहक र कर्मचारीहरुले विशेष लाभ लिन पाउने भएका छन् ।

# स्वास्थ्य चौकीका कर्मचारी कार्यालयमै निदाए



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाका एक स्वास्थय चौकीमा खटिएका कर्मचारीहरु कार्यालयमै दिउसै मस्त निद्रामा सुत्ने गरेको भिडीयो भाईरल भएको छ ।
सबैला नगरपालिका वडा नं. ५ मखनाहा अवस्थित एक स्वास्थ्य चौकीमा कर्मचारीहरु दिउँसै सुतिरहेको भिडियो र तस्वीर अहिले भाइरल भएको हो ।
महिला कर्मचारी बेच्नमा र एक जना पुरुष कर्मचारी कुर्सीमै निदाएको दृष्य धनुषाको ग्रामीण क्षेत्रको स्वास्थ्य संस्था कतिको जिम्मेदवार रहेको कुरा छताछुल्ल भएको छ ।
कार्यालय समयमै देखाइएको सो लापरवाहीले सबैलाको सुशासन र कार्यसम्पादनको हदलाई त पर्दाफास गरेको छ नै पालिका देखि केन्द्रिय सरकार सम्म शक्ति र सत्ताको सन्तुलन रहेपनि सबैला कति सुस्त छ भन्ने कुरा उदांगो पारिदिएको छ ।
स्थानिय पालिकाको कमजोरी र सम्वन्धित निकायको कमजोरीले स्वास्थ्य संस्थामा यस किसिमको बेथितीहरु बढेको स्थानियको भनाई छ ।

# मन्त्रिपरिषद् विस्तार हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेले छाडेपछि खाली रहेका र जनमत पार्टीका मन्त्रीहरुबाट फिर्ता लिइएका मधेश प्रदेश सरकारका मन्त्रालयहरुले यो साता मन्त्री पाउने सम्भावना छ ।
एमालेले छाडेका गृह, सञ्चार तथा कानुन मन्त्रालय र श्रम तथा यातायात मन्त्रालयमा मुख्यमन्त्री सरोजकुमार यादवले नयाँ मन्त्री व्यवस्था गरेका छैनन् । अर्कातिर मन्त्रीहरू सुरिता कुमारी, वसन्त कुशवाहासँगै राज्यमन्त्रीद्वय शेख अवुल कलाम आजाद र सञ्जयकुमार यादव विना विभागीय बनाइएका छन् ।
मधेश सरकारमा कांग्रेसले ३, जसपा र जनमतले २–२, माओवादी, लोसपा र नेकपा एसले १–१ मन्त्रालय लिने सहमति गरेकाले अब मन्त्रिपरिषद् विस्तार हुँदा जसपाले एउटा मन्त्रालय छाड्नु पर्ने छ । सत्तारुढ दलकाहरु अनुसार, साउनको दोस्रो साता मन्त्रिपरिषद् विस्तारको सम्भावना छ ।

# मन्त्री रिजालद्वारा पूजाआजा



**मधेशदृष्टि**
**वीरगंज ।**
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले सोमबार वीरगंज–१४ पिपरास्थित पशुपतिनाथ मन्दिरमा पूजाअर्चना गर्दै भगवान शिवलाई जल चढाएका छन् ।
पर्सा क्षेत्र नम्बर ४ का प्रतिनिधि सभा सदस्यसमेत रहेका रिजालले सोमबार बिहान चिनीमिल परिसरमा रहेको पशुपपतिनाथ मन्दिरमा पुगेर पूजाअर्चना गरेका हुन् ।
पूजाअर्चनापछि स्थानीयसँग कुरा गर्दै मन्त्री रिजालले पशुपतिनाथ मन्दिर संरक्षण र विकासका लागि सक्दो सहयोगका प्रतिबद्धता जनाए । उनले वीरगंजको एक धार्मिक धरोहरका रुपमा रहेको पशुपतिनाथ मन्दिरको पछिल्लो समय देशभर मात्र नभइ छिमेकी मुलुक भारतमा पनि चर्चा बढ्दै गएको भन्दै खुशी व्यक्त गरे ।
मन्दिरमा साउनभर मेला लागेको छ भने हरेक सोमबार काँवर यात्रा निकालेर जल चढाउने गरिएको छ ।

# एक लाख धरौटीमा छुटिन् उपमेयर



**मधेशदृष्टि**
**राजविराज ।**
फर्जी र कीर्ते नागरिकता कसुरमा प्रहरी हिरासतमा रहेकी सप्तरी, डाक्नेश्वरी नगरपालिकाकी उपमेयर मीराकुमारी यादव जिल्ला अदालतबाट १ लाख रुपैयाँ धरौटीमा रिहा भएकी छन् ।
सोमबार जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङनामको इजलासले उपमेयर मीरालाई १ लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएका हुन् । उनी असार १९ गते पक्राउ पुर्जी जारी भएपछि २० गते प्रहरीमा आत्मसमर्पण गर्न पुगेकी थिइन् ।
जिल्ला प्रशासन कार्यालयमा प्रमाणसहित उजुरी गरेको ८ महिना (सो बेला) बितिसक्दा समेत कारबाही प्रक्रिया अघि नबढेको बन्दै सोही नगरपालिका–४ का ३५ वर्षीय कृष्णकुमार यादवले वारेस राजविराज नगरपालिका–९ का ५७ वर्षीय परमेश्वर यादवमार्फत उच्च अदालतमा मुद्दा दायर गरेपछि यो प्रकरण अघि बढेको थियो ।
अघिल्लो वर्ष साउनको दोस्रो साता कृष्णले जिल्ला प्रशासन कार्यालयमा गरेको उजुरीअनुसार उपमेयर मीरा र उनकी पति महेन्द्र भारतको बिहार राज्यअन्तर्गत मझारी ग्राम, थाना निर्मली, पञ्चायत मझारी, अञ्चल निर्मली, जिल्ला सुपौल निवासी थिए ।
पतिपत्नी दुवैले झुठो विवरणका आधारमा नेपाली नागरिकता लिएका थिए । 'नेपाल देशमा मीरा, महेन्द्र र यी दुवैका छोरा इन्द्रजीतले साविकको सप्तरीको औरही गाविस वडा नम्बर–३ ९ हाल डाक्नेश्वरी नगरपालिका ६ बाट झुठो विवरणको आधारमा नागरिकता प्रमाण पत्र लिई मीरा सार्वजनिक पद धारण गरी न्याय जस्तो संवेदनशिल न्यायिक समितिको संयोजक पदमा बसी पदीय दायित्व दुरुपयोग गरिरहेकी छन्', उजुरीमा उल्लेख छ ।
मीरा सार्वजनिक पद धारण गरी न्याय जस्तो संवेदनशील न्यायिक समितिको संयोजक पदमा बसी पदीय दायित्व दुरुपयोग गरिरहेकाले नागरिकता ऐन, २०६३ को दफा नम्बर १२ बमोजिम मीरा, उनका पति महेन्द्र र छोरा इन्द्रजीतको नागरिकता प्रमाण पत्र रद्द गरी सोही ऐनको दफा २१ बमोजिम हदैसम्म सजाय गर्न उजुरीमार्फत माग गरिएको थियो ।
दुई महिनाअघि कृष्णले उच्च अदालतमा दायर गरेको मुद्दामा जेठ ५ गते न्यायाधीशद्वय हरिप्रसाद भण्डारी र तेजनारायण सिंह राइको संयुक्त इजलासले जिल्ला प्रहरी कार्यालयको नाउँमा परमादेशको आदेश जारी भएपछि प्रहरीमा मुद्दा दर्ता भएको थियो ।
अर्का आरोपी उपमेयर मीराका पति महेन्द्रकुमार यादव फरार छन् ।

# नेता कुटपिट छानबिनका लागि समिति गठन



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस बाराका सचिव भइयाराम यादव र नेकपा एकीकृत समाजवादी बाराका उपसचिव ध्रुव यादवलाई प्रहरीले गरेको कुटपिटको घटना छानबिन गर्न पाँच सदस्यीय छानबिन समिति बनाइएको छ ।
मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले प्रहरी वरिष्ठ उपरीक्षक प्रविण पोखे्रलको संयोजकत्वमा प्रहरी निरीक्षक सञ्जीव योन्जन, वरिष्ट प्रहरी नायब निरीक्षक सञ्जीव साह, प्रहरी सहायक हबल्दार विवेकानन्द झा र प्रहरी जवान सपनाराज कोइराला रहेको समिति बनाएको हो । बारामा एकसातादेखि दैनिक जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डे र प्रहरी निरीक्षक रुपेश साहलाई कारबाही माग राख्दै आन्दोलन भइरहेको छ । नेपाली कांग्रेसका जिल्ला सचिव यादव र समाजवादीका जिल्ला उपसचिव यादवलाई छलफलक्रममा गालीगलौज र कुटपिटपछि भैयाराम उपचाररत छन् । कुटपिटबाट घाइते उनको स्वास्थ्य जटिल बन्दै गएको छ ।
स्वास्थ्य अवस्था जटिल बनेपछि यादवलाई थप उपचारका लागि दिल्ली लैजाने तयारी भइरहेको छ । आरोपित प्रहरीलाई मधेश प्रदेश प्रहरी कार्यालय तानिएको छ ।
पाँच दलले आन्दोलन गर्दै आएकामा उनीहरुले दुवै प्रहरीलाई निलम्बन माग गरेका छन् ।

# २५८१ जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा २ हजार ५ सय ८१ जनाले जन्मसिद्ध नागरिकका सन्तानले वंशजको आधारमा नागरिकता लिएका छन् ।
नेपाल नागरिकता ऐन (पहिलो संशोधन) ऐन लागू भएसँगै एक महिनाकै अवधिमा ६ सय १४ महिलासहित २ हजार ५ सय ८१ जनाले नागरिकता लिएका हुन् ।
सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलका अनुसार, नयाँ नागरिक ऐन लागू भएको एक महिनामा ७ हजार ७ सय ८२ जनाले आवेदन दिएकामा २ हजार ५ सय ८१ जनाले नागरिकता पाएका हुन् ।
जिल्ला प्रशासन कार्यालय पर्साले दैनिक एकसय जनालाई नागरिकता वितरण गर्दै आएको छ ।
नागरिकता वितरण सहज बनाउन अनलाइन टोकन प्रणाली लागू गरिएको सूचना अधिकारीसमेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले बताए । उनले भने, 'सेवाग्राहीको बढ्दो चापलाई मध्यनजर गरी नयाँ नागरिकता ऐन लागू भएदेखि नै अनलाइन टोकन प्रणाली लागू गरेर नागरिकता वितरण गर्दै आएका छौँ ।
सेवाग्राहीलाई कार्यालयमै आएर लाइन लागि पालो कुर्नुपर्ने झन्झट नहोस् भन्नका लागि अनलाइन टोकन प्रणालीबाट सेवा दिइरहेका छौँ ।' अनलाइन प्रणालीबाट टोकन लिएपछि निर्धारित मितिमा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्नुपर्ने हुन्छ ।
नागरिकता वितरण फाँटका अधिकृत विनय श्रीवास्तवका अनुसार २०६३ मा खटिएको नागरिकता टोलीबाट जन्मका आधारमा १५ हजार ३ सयभन्दा बढीले नागरिकता लिएका थिए । श्रीवास्तवले यस अवधिमा फर्जी विवरण पेस गरेर नागरिकता दिलाउन खोज्ने दुई जनालाई पक्राउ गरिएको बताए ।
अनागरिकको लामो समयको सङ्घर्ष र पैरवीका कारण राष्ट्रपति रामचन्द्र पौडेलले संसद्बाट पास भएको नागरिकतासम्बन्धी विधेयकलाई प्रमाणीकरण गरेका थिए । ऐन राजपत्रमा प्रकाशित भए पनि जेठ १६ गते त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट परेपछि सर्वोच्चले जारी गरेको अन्तरिम आदेशका लागि नागरिकता वितरण सुरु नहुँदै रोकिएको थियो । यद्यपि असार ७ गते भएको सुनुवाइमा अदालतले अन्तरिम आदेश खारेज गर्दै नागरिकता वितरण गर्ने बाटो खुला गरेको थियो ।




# ७६ व्यावसायिक फार्म कारबाहीमा




**मधेशदृष्टि**
**वीरगंज ।**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय पर्साले ७६ व्यावसायिक फर्मलाई कारबाही गरेकोक छ । आर्थिक वर्ष २०७९÷८० मा तोकिएको मापदण्डविपरीत सामान बिक्री गर्ने र अनुमति नलिएका फर्म कारबाहीमा परेका हुन् ।
आव २०७९÷८० मा पाँच सय २७ व्यावसायिक फर्मको अनुगमनक्रममा म्याद गुज्रेका सामान बिक्री, मूल्यसूची नराख्ने, खरिद बिल नकाट्ने र इजाजत नलिएका ७६ व्यावसायिक फर्ममाथि कारबाही गरिएको कार्यालयले जनाएको छ ।
कार्यालयका सूचना अधिकारी दिलीप खड्ग खत्वेका अनुसार आव २०७९÷८० मा पर्साका ४१, बारा र सिरहाका १०÷१०, मकवानपुरका पाँच, सर्लाहीका चार, सप्तरी र चितवनका तीन÷तीन व्यावसायिक फर्ममाथि कारबाही गरिएको छ ।
व्यावसायिक फर्ममाथि गरिएको कारबाहीबाट १७ लाख ८६ हजार रुपैयाँ राजस्व सङ्कलन भएको उनले जानकारी दिए ।
अनुगमनक्रममा विभिन्न व्यावसायिक फर्मबाट म्याद गुज्रेको बियर, रेडबुल, स्प्राइट, कोक, भुजा, चिउरा, मह, दालमोठ, पापड, बेसनलगायतका ६४ लाख १८ हजार नौ सय ६७ रुपैयाँ बराबरका सामान नष्ट गरिएको उनले बताए ।
बितेको प्राइभेट र साझेदारी फर्म गरी एक हजार तीन सय ४७ व्यावसायिक फर्म दर्ता भएका छन् । सूचना अधिकारी खड्गका अनुसार प्राइभेट फर्म एक हजार तीन सय २३, साझेदारी फर्म २४ दर्ता भएका छन् । यस्तै, ११ कम्पनी दर्ता भएको जनाइएको छ । दुई हजार एक सय ३२ प्राइभेट फर्म र ६७ साझेदार फर्म नवीकरण गरिएको र एक हजार तीन प्राइभेट तथा २१ साझेदार फर्म संशोधन गरिएको सूचना अधिकारी खड्गले बताए ।
यस्तै, अवधिमा तीन सय ३४ प्राइभेट र ११ साझेदार फर्मको दर्ता खारेज गरिएको उनले जानकारी दिए । ती सबै शीर्षकबाट एक करोड १० लाख ६९ हजार दुई सय ४० रुपैयाँ राजस्व सङ्कलन भएको सूचना अधिकारी खड्गले जानकारी दिए ।
म्याद गुज्रिएको सामान बिक्री गर्ने, खरिद र बिक्री बिल नकाट्ने तथा मूल्यसूची नराख्ने प्रवृत्ति बढ्ेकाले बजार अनुगमनलाई निरन्तता दिइएको कार्यालय प्रमुख सुरेशकुमार रेग्मीले जानकारी दिए । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयले मधेश प्रदेशका आठ र बागमती प्रदेशका मकवानपुर तथा चितवन जिल्लाका व्यावसायिक फर्मको अनुमति, नवीकरण र बजार अनुगमन कार्य गर्दै आएको छ ।

# १९ राउन्ड गोलीसहित भारतीय पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजबाट १९ राउन्ड गोलीसहित भारतीय पक्राउ परेका छन् । भारत, बिहार पश्चिम चम्पारण, लगुन्नाहका २२ वर्षीय मुरारी कुमार समातिएका हुन् । आइतबार राति वीरगंज महानगरपालिका–८ भानुचोकमा बसपार्कबाट खटेको प्रहरीले मुरारीलाई चेकजाँच गर्दा उनी भागेका थिए । उनलाई जिल्ला प्रहरी कार्यालय पर्सा, वडा प्रहरी कार्यालय बिर्ता र वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको संयुक्त टोलीले प्रभु अस्पताल नजिकैबाट नियन्त्रणमा लिएको थियो ।
मुरारीले बोकेको झोलाबाट सर्टगनमा प्रयोग हुने १९ राउन्ड गोली बरामद गरिएको पर्साका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए । उनलाई प्रहरी हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन